# अध्याय एक

# शोधपरिचय

## १.पृष्ठभूमि

समालोचनाको क्षेत्रमा नवीनतम विधा,भाषावादी सिद्धान्त र पद्धतिका रूपमा देखापरेको शैलीविज्ञान साहित्य समालोचनाको नवीनतम विधा वा प्रकार हो (शर्मा,२०४८ :१ ) । भाषाको विश्लेषण गर्ने र भाषाले कसरी कार्य गर्छ भनेर देखाउने भाषाविज्ञानको महत्वपूर्ण शाखाका रूपमा शैलीविज्ञानलाई लिइन्छ । शैलीविज्ञान साहित्यिक (काव्य) भाषाको विविध प्रयोगको अध्ययन विश्लेषणमा केन्द्रित हुन्छ (शर्मा, २०४८: १ )। यसले सामान्य भाषाको नभएर काव्यभाषाको अध्ययन विश्लेषण गर्ने काम गर्दछ । शैलीविज्ञानले साहित्यिक कृति वा सङ्कथनको भाषिक आधारबाट र शैलीका माध्यमबाट विश्लेषण गर्दछ । काव्यमा निहित कलात्मक संवेगहरूको रेखाङ्कन गर्ने भएकाले यसलाई भाषाविज्ञान र साहित्यशास्त्रको मिलनबिन्दु पनि भनिन्छ (शर्मा,२०४८:२ ) ।

साहित्य समालोचनाका फाँटमा प्रसिद्ध शैली शब्द अंग्रेजीको *style*को नेपाली रूपान्तरण हो । पूर्वीय साहित्यशास्त्रमा शैली संस्कृतको ***शील*** शब्दबाट निर्मित भएको हो । ***शी*** धातुमा ***लक*** प्रत्ययको योगबाट बनेको हो (शर्मा,२०४८:२) ।

वर्तमान समयमा शैली साहित्यिक समालोचनाको पारिभाषिक शब्द बनिसकेकोले विभिन्न परिभाषालाई आधार मानी निम्न तीन दृष्टिकोणबाट गरिएका परिभाषा बढी प्रचलित छन ( शर्मा,२०४८:२) ।

क) वर्ण्यविषय : शैली त्यसलाई भनिन्छ जसले सामान्य भाषाको संरचनालाई अतिक्रमण गर्छ वा गर्नसक्छ ।

ख) रचना विधान : शैली एकभन्दा बढी भाषिक एकाइको सौन्दर्यबोधक समुच्चय हो ।

ग) रचयिता : शैली कुनै रचनाकारको विशिष्ट रचना प्रकार हो ( शर्मा,२०४८ : २ )।

समग्रमा उपयुक्त विविध परिभाषालाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

'रचनाकारको त्यस्तो रचनाप्रकार वा अभिव्यक्तिलाई शैली मानिन्छ जसमा भाषिक एकाइहरूको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवं विषयका दृष्टिबाट विचलन हुन्छ ( शर्मा,२०४८:३) ।'

आधुनिक युगमा विकसित शैलीविज्ञान भाषाविज्ञानले काव्यभाषाको अध्ययन गर्न थालेपछि मात्र विकसित भएको नयाँ विज्ञान वा शास्त्र हो जसको पूर्व र पश्चिम दुबैतिर पुरानै परम्परा पाइन्छ । पूर्वमा भामह ,दण्डी कुन्तक आदिका साहित्यशास्त्रीय चिन्तनमा भाषापक्षको चिन्तन पाइन्छ भने पश्चिममा ग्रिसेली विद्वान् प्लेटो, अरस्तु, आदि, रोमन विद्वान् सिसरो समेतले यसको विवेचना गरेको पाइन्छ । शैलीविज्ञानका सन्दर्भमा पूर्वीय र पश्चिमी चिन्तनको कुरा गर्दा पूर्वीय चिन्तन निकै वैज्ञानिक रहेको छ (शर्मा,२०४८:४) । शैलीविज्ञानको प्रारम्भ पूर्वमा भरत र पश्चिममा प्लेटोले गरे पनि यसले नयाँ दृष्टि भने आधुनिक कालमा मात्र पाएको हो (शर्मा,२०४८:४) । यसले सामान्य भाषाको नभएर विशिष्ट भाषाको अध्ययन गर्ने भएकाले भाषाविज्ञानको छुट्टै शाखा मानिन्छ ।

आधुनिक युगमा शैलीविज्ञानको शुभारम्भ गर्ने श्रेय भाषावैज्ञानिक फर्डिनान्ड डी.सस्युरलाई जान्छ । वर्णनात्मक भाषा विज्ञानका प्रवर्तक सस्युर र उनका शिष्य चार्ल्स वालीका कार्यबाट वर्तमान समयमा शैलीविज्ञानको सुरूवात भएको हो । भाषाभित्र पर्ने सबै अभिव्यञ्जना साधनलाई उनीहरूले यसको अध्ययनको विषय बनाएका छन । वर्तमान समयमा जति भाषावैज्ञानिक सिद्धान्तहरू छन त्यतिनै पद्धतिबाट साहित्यको विश्लेषण र मूल्याङकन गरिन्छ । शैलीविज्ञानमा संरचनात्मक, रूपार्थपरक, यवस्थापरक, रूपान्तरणात्मक, व्याकरणिक पद्धतिबाट साहित्यका शैलीको विश्लेषण र मूल्याङकन गरिन्छ (शर्मा,२०४८: ५) ।

विशेषत शैलीविज्ञान भाषाविज्ञानको एउटा शाखा भए पनि यसले वर्तमान समयमा एउटा स्वतन्त्र विज्ञानको रूप प्राप्त गरिसकेको छ । यसका भाषा तात्विक, साहित्यिक, दार्शनिक, मनोवैज्ञानिक आदि शाखाहरू विकसित भइसकेका छन । सिद्धान्तत : भाषाविज्ञान र साहित्यशास्त्रको समन्वयबाट निर्मित शैलीविज्ञानले नयाँ विधाका रूपमा विकसित हुने मौका पाएको हो । वर्णन विश्लेषणको अत्यधिक सुव्यक्तता पाइने र यसको दृष्टिकोण पनि वस्तुवादी हुनाले यसलाई समालोचनाको वैज्ञानिक र सिर्जनात्मक पद्धति मानिन्छ ( शर्मा,२०८४: ५) ।

कृतिमा अन्तर्निहित सौन्दर्य पक्षको उद्घाटन गर्ने हुँदा यो साहित्यशास्त्र र सौन्दर्यशास्त्र दुवैसंग सम्वद्ध छ । यो साहित्यिक भाषाका विविध प्रयोगहरूको अध्ययन विश्लेषणमा केन्द्रित भएकाले यसले विशिष्ट भाषा प्रयोगको अध्ययन विश्लेषण गर्दछ । यसले साहित्यमा प्रयुक्त भाषाको अध्ययनतर्फ विशेष उन्मुखता देखाउँछ । शैलीविज्ञानले कथ्य र लेख्य साहित्यक कृतिको अध्ययन विश्लेषण गर्छ । साहित्यिक कृतिको अमूर्त आकारलाई  मूर्त आकारका माध्यमबाट ग्रहण गर्ने सामार्थ्य प्रदान गर्दछ र अमूर्त आकारको तालमेल मूर्त आकारसँग कसरी गराउने भन्ने कुरा शैलीविज्ञानले खोजी गर्दछ (शर्मा,२०४८:६ ) ।

कुनै पनि साहित्यिक कृतिको वैज्ञानिक, व्यवस्थित, क्रमिक, वस्तुनिष्ट अध्ययन शैलीविज्ञानले गर्दछ । विश्लेषकहरूले शैलीविज्ञानको सैद्धान्तिक पक्ष, वैज्ञानिक आधार, सम्वन्धित कृति, भाषाविज्ञानको प्रकृति र सम्वन्धित भाषाका व्याकरणका वारेमा जानकारी प्राप्त गरेको हुनुपर्छ । शैलीविज्ञान काव्यशास्त्र र भाषाविज्ञानको मिलनभूमि हो (शर्मा,२०४८: १२ ) ।

स्वायत्त एकाइका रूपमा शैलीविज्ञानलाई साहित्य सिर्जनाको आलोचनाको सिद्धान्त वा प्रणाली दुवै मानिन्छ । वस्तुलाई हेर्ने भित्रि दृष्टिकोण नै सिद्धान्त हो । यस दृष्टिबाट शैलीविज्ञानलाई हेर्दा यो साहित्यलाई हेर्ने अर्थात् त्यसको आलोचना गर्ने वैज्ञानिक दृष्टिकोणका रूपमा देखा पर्छ । यसले साहित्यलाई कला र कृतिलाई कलात्मक भाषिक एकाई मान्दछ र यसै आधारमा आलोचनातर्फ अग्रसर हुन्छ (शर्मा,२०४८: १२ ) ।

शैलीविज्ञान साहित्यको आलोचना हो । यसले कलाका अन्य रूपलाई असर पार्दैन । यसलाई साहित्यको भाषावादी, वस्तुवादी, वैज्ञानिक, सिर्जनात्मक, आलोचना प्रणाली मानिन्छ (शर्मा, २०४८:१३) । काव्यशास्त्र, भाषाविज्ञान, प्रतीकविज्ञानको समन्वयबाट निर्मित यस स्वायत्त आलोचना विधालाई साहित्यिक शैलीविज्ञान भनिन्छ । यसमा, समानान्तरता, विचलन, विविधताका आधारमा कृतिमा प्रयुक्त शैलीको पहिचान गर्ने प्रयास गरिन्छ (शर्मा, २०४८:११) ।

शैलीविज्ञानको केही बीज प्राचीन ग्रीसेली समीक्षा प्रणाली र संस्कृत समीक्षा प्रणाली दुबैमा खोज्न सकिन्छ । तर यसको खास प्रारम्भचाँही बीसौं शताब्दीको पहिलो चरण देखी मानिन्छ । भाषाविज्ञानको एउटा शाखाका रूपमा जन्मेको आधुनिक शैलीविज्ञानले पाश्चात्य भूमिमा हुर्केर अहिले नवीनतम समीक्षा विधा र समीक्षा दृष्टिका रूपमा स्वायत्ता र स्थायित्व प्राप्त गरिसकेको छ ( शर्मा,२०४८ : २२५) ।

आधुनिक सन्दर्भमा शैलीविज्ञान पाश्चात्य भूमिमा विकसित प्रणाली र पद्धति भएको हुँदा साहित्यिक कृतिको शैलीवैज्ञानिक विश्लेषण र मूल्याङ्कन गर्नुपर्दा मुख्यत : पाश्चात्य भाषा सिद्धान्तमा आधारित वर्णनात्मक, संरचनात्मक, रूपान्तरणात्मक, रूपार्थपरक, व्यवस्थापरक आदि विभिन्न पद्धतिहरूका विश्लेषण प्रारूपहरू विकसित भएका छन । व्यवहारमा अहिले पाश्चात्य प्रारूप बढी देखिएता पनि शैलीवैज्ञानिक विश्लेषणका निम्ति पाश्चात्य प्रारूपको मात्र प्रयोग गर्नुपर्ने कुनै अवस्था छैन । कुनै पनि वस्तुपरक र भाषारक पद्धति र प्रारूपद्वारा कृतिको शैलीवैज्ञानिक व्याख्या, विश्लेषण र मूल्याङ्कन गर्न सकिन्छ, तर त्यो वैज्ञानिक, व्यवस्थित र सुव्यक्त हुनु आवश्यक छ (शर्मा,२०४८ : २२५ ) ।

साहित्यक कृतिको शलीवैज्ञानिक विश्लेषण गर्ने दृष्टिबाट पूर्वीय समीक्षा प्रणालीका केही पद्धति र प्रारूपहरू पनि निकै काम लाग्दा देखिन्छन । नेपाली समालोचकहरूको यसतर्फ ध्यान जानु र कृतिको पूर्वीय समीक्षा पद्धति र प्रारूप अनुसार शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्नु आवश्यक छ । पूर्वीय समीक्षा पद्धतिको वैज्ञानिक प्रयोग गरेर पनि वर्तमान नेपाली समीक्षा पद्धतिलाई आत्मसंस्कारवाद र प्रभाववादको भासबाट उम्काउन सकिन्छ ( शर्मा,२०४८:२२६)।

काव्यशास्त्रको पूर्वीय परम्परा अन्तर्गत खासगरी संस्कृत समीक्षा प्रणालीमा शैलीवैज्ञानिक विश्लेषण र मूल्याङ्कनका निम्ति उपयोगी हुने खालका केही पद्धति वा प्रणाली फेला पर्दछन । संस्कृतका अधिकांस समीक्षा प्रणालीमा साहित्यक कृतिमा भाषा प्रयोगको विश्लेषणात्मक अध्ययन गर्ने पद्धति वा परम्परा पाइन्छ जुन कुरो शैलीविज्ञानको प्रकृति र प्रवृत्तिका अनुकुल छ । यस दृष्टिबाट सर्वाधिक प्रयोगयोग्य समीक्षा प्रणाली चाहीँ वक्रोक्ति पद्धति र औचित्य पद्धति देखापर्छन ( शर्मा,२०४८ : २२६ ) ।

साहित्यिक कृतिको अनुभूति पक्षलाई प्रधानता दिने ध्वनिसिद्धान्त र यसको समीक्षा पद्धतिमा पनि शैलीवैज्ञानिक विश्लेषणको अवसर देखा पर्छ । यस भनाईको आधार के हो भने ध्वनिसिद्धान्तमा पनि साहित्यको अभिव्यक्ति पक्षसँग गाँसिएर मात्र अस्तित्व पाउँछ भन्ने मानिएको छ । साथै यस सिद्धान्तमा अर्थसँग सम्बद्ध कृतिका भाषिक एकाइहरूतर्फ पनि सङ्केत गरिएको छ । यसबाट ध्वनिसिद्धान्तका उपकरणहरूको सीमित प्रयोग कृतिको शैलीवैज्ञानिक अध्ययनमा गर्न सकिने कुरो झल्किन्छ ( शर्मा,२०४८ : २२७ ) ।

निचोड के हो भने नेपाली समालोचनाका क्षेत्रमा कृतिको वैज्ञानिक वस्तुपरक र भाषापरक अध्ययन मूल्याङ्कन गर्नका निमित्त पाश्चात्य बाहेक संस्कृत समीक्षा पद्धतिका विभिन्न प्रारूपहरूको पनि सफल र प्रभावकारी प्रयोग गर्न सकिन्छ । (शर्मा, २०४८ : २२७ ) ।

युवा साहित्यकार रामप्रसाद खरेल वि.सं. २०७० सालमा 'रे' निबन्ध सङ्ग्रहको प्रकाशनसंगै नेपाली साहित्यका क्षेत्रम देखापरेका प्रखर व्यक्तित्व हुन । यस निबन्ध सङ्ग्रहभित्र वर्णनात्मक, विवरणात्मक र विचारात्मक निबन्धहरू रहेका छन । यस कृतिमा रहेका भाषिक पक्ष, शब्द चयन, विचलन, समानान्तरता जास्ता पक्षको यस शोधकार्यमा शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

'रे' निबन्ध सङग्रह निबन्धकार रामप्रसाद खरेलको उत्कृष्ट निबन्ध सङ्ग्रह हो । यस निबन्ध सङग्रहको विभिन्न कोणबाट शैलीवैज्ञानिक ढङ्गले विश्लेषण गर्नु नै यस अनुसन्धानका प्रमुख उद्धेश्य हुन । नेपाली शिक्षा विषयको स्नातकोत्तर तह (एम.एड ) दोस्रो वर्षको ५९८ पाठ्यांशको आवश्यकता पूर्तिको प्रयोजनार्थ श्री जनता बहुमुखी क्याम्पस इटहरीबाट यस कृतिको शैलीवैज्ञानिक ढङ्गले विश्लेषणात्मक शोधविधिको प्रयोग गरी शोधपत्र लेखन कार्यलाई पूर्णता दिने प्रयास भएको छ ।

### १.२ समस्या कथन

प्रस्तुत अध्ययन निम्नलिखित समस्यामा केन्द्रित रहेको छ :

क) 'रे ' निबन्ध सङ्ग्रहमा शब्द चयनको अवस्था कस्तो रहेको छ ?

ख) 'रे ' निबन्ध सङ्ग्रहमा कस्तो विचलन रहेको छ ?

ग) 'रे' निबन्ध सङ्ग्रहमा  कस्तो समानान्तरता पाईन्छ ?

### १.३ अध्ययनका उद्धेश्यहरू

प्रश्तुत शोध कार्यमा निम्न उद्धेश्यहरू रहेका छन :

क) 'र ' निबन्ध सङ्ग्रहमा शब्द चयनको खोजी गर्नु ।

ख) 'रे' निबन्ध सङ्ग्रहमा विचलनको अध्ययन गर्नु ।

ग) 'रे ' प्रस्तुत कृतिमा निहित समानताको खोजी गर्नु ।

## १.४ अध्ययनको महत्व र औचित्य

कुनै पनि विषयमा गरिएको अध्ययन अनुसन्धान अवश्य पनि उपलब्धिमूलक हुन्छन । त्यसैले यो अनुसन्धान उपलब्धिमूलक र फलदायी हुनेछ । प्रस्तुत कृतिको शैलीवैज्ञानिक अध्ययनले कृति तथा कृतिकारको वारेमा निकै जानकारी राख्दछ । कृतिको शैलीगत अध्ययन गरी प्राप्त गरिएको वास्तविक तथ्यहरूले कृतिका वारेमा खेल्ने भूमिकाको अध्ययन गरी निकालिएको निष्कर्षले आगामी दिनमा शैलीवैज्ञानिक अध्ययनका लागि महत्वपूर्ण भूमिका खेल्ने कुरामा कसैको पनि दुईमत हुन सक्दैन ।

यो अध्ययन साहित्यकार रामप्रसाद खरेलको 'रे' निबन्ध सङग्रहको शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित छ । यस अध्ययनमा साहित्यिक कृतिको अध्ययन गरी शैलीवैज्ञानिक तथ्यहरू प्रश्तुत गरिने हुँदा उक्त कृतिका बारेमा पाठकवर्ग, कृतिकार तथा साहित्यानुरागीहरूको के कस्ता कृतिहरू बजारमा आउँछन भनी त्यस्ता पुस्तकहरूका बारेमा जानकारीलिन पनी सहयोग पुग्ने देखिन्छ ।

अन्तत : खरेलको **रे ' निबन्ध सङग्रह**लाई नै केन्द्र विन्दुमा राखेर गरिएको शैलीवैज्ञानिक अध्ययन  पहिलो हो । यो अध्ययन शोधशीर्षकका लागि पनि पहिलो रहेकाले यसको महत्व र औचित्य स्पष्ट हुन्छ ।

## १.५ अध्ययनको परिसीमा

रे ' निबन्ध सङग्रहको शैलीवैज्ञानिक अध्ययन गरी शोधकार्यलाई पूर्णता दिने क्रममा यसका निम्न परिसीमा रहेका छन ।

क) खरेलको रे 'निबन्ध सङ्हग्रहमा भएका शब्द चयन ( स्रोत र पदवर्ग ) मा मात्र सिमित रहेकोछ ।

ख) रे'निबन्ध सङग्रहको विचलन ( कोशीय, व्याकरणिक, प्रयुक्ति र भाषिका विचलन ) मा मात्र सिमित रहेको छ ।

ग) रे' निबन्ध सङ्ग्रहमा भएका समानान्तरता (आन्तरिक र बाह्य ) मा सिमित रहेको छ ।

### १.६ पारिभाषिक शब्द :

पुस्तकालयीय अध्ययन विधि : सम्बन्धित विषयमा केन्द्रित रहेर पुस्तकालयमा गरिने अध्ययन विधि

चयन : सामग्री रोज्ने वा छान्ने काम

समानान्तरता : पद, पदावली, वाक्यांश, वाक्य वा भावार्थ दोहोरिनु ।

विचलन : मानकको अतिक्रमण वा क्रम नमिल्नु ।

अग्रभूमि निर्माण : सम्बन्धित विषयमा प्रवेश गर्नु अघि त्यस सम्बन्धि दिइने जानकारी ।

### १.७ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ ।

क) अध्याय एक : शोध परिचय

ख) अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक/धारणत्मक संरचना

ग) अध्याय तीन : अध्ययनको प्रक्रिया वा विधि

घ) अध्याय चार : नतिजा परिणाम र छलफल

ङ) अध्याय पाँच : सारांश, निष्कर्ष वा कार्यान्वयन

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा तथा धारणत्मक संरचना

## २.१ पूर्वकार्यको समीक्षा :

रेग्मी, (२०५९ ) द्वारा नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. अन्तर्गत '**साकुन्तल 'गीतिनाटकको शैलीवैज्ञानिक** अध्ययन गरेको पाईन्छ । उक्त शोधपत्रको प्रमुख समस्याको रूपमा गीति नाटककार घिमिरेका नाट्यकारीता र साहित्यिक मान्यता कस्तो रहेको छ ? गीति नाटक र शैलीविज्ञानको सिद्धान्त कस्तो रहेको छ ? यसको संरचना पक्ष कस्तो रहेको छ ? आदि रहेका छन । उक्त शोध पत्रको उद्देश्यका रूपमा गीतिनाटक र शैलीविज्ञानको सैद्धान्तिक चर्चा गर्ने माधवप्रसाद घिमिरेको नाट्यकारीता र संरचना पक्षको विश्लेषण गर्ने रहेका छन । उक्त शोधपत्रमा पुस्तकालयीय विधिबाट अध्ययन गरिएको छ । संरचनात्मक शैलीविज्ञानको विशलेषणात्मक पद्धतिलाई अपनाइएको छ । पौराणिक विषयवस्तुमा आधारित यस काव्यमा शकुन्तला र दुश्यन्तको कथालाई नेपाली भाषामा ल्याउने उद्देश्य भएकाले यो काव्य चयनका दृष्टिले सफल छ भने विचलन र समानान्तरताले नाटकलाई कलात्मक र प्रभावकारी वनाई तत्सम, तदभव र आगन्तुक शब्दको समुचित प्रयोगले नाटकलाई सारपूर्ण बनाएको छ । आदि, मध्य तथा अन्त्यको क्रममा कथानक विकास हुँदै यो नाटक अभिधात्मक, व्यञ्जनात्मक रूपमा सफल रहेको छ भन्ने निष्कर्ष निकालिएको छ ।

खनाल, (२०६१ ) द्वारा **मुगलान उपन्यासको शैलीवैज्ञानिक अध्ययन** शीर्षकमा शोधपत्र तयार पारेको पाइन्छ । उक्त शोधपत्रको प्रमुख समस्याका रूपमा मुगलान उपन्यासको कथानक कस्तो रहेको छ ? उपन्यासका पात्रलाई कसरी वर्गीकरण गरिएको छ ?, शब्द चयन, विचलन र समानान्तरताको अवस्था कस्तो रहेको छ ? आदि रहेका छन । यस शोधकार्यको मुख्य उद्देश्य पूर्वी नेपालको ग्रामिण परिवेशको कथावस्तुको अध्ययन गर्नु, उपन्यासमा प्रयोग गरिएका पात्रहरूको विभिन्न आधारबाट अध्ययन गर्नु, कृतिमा प्रयोग गरिएका शब्द चयन, विचलन र समानान्तरता जस्ता पक्षको शैलीवैज्ञानिक अध्ययन गर्नु रहेको छ । यस शोधकार्यमा मूलत : पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । भारत र भुटानको परिवेश यसले ग्रहण गरेको छ । पात्रहरूको व्यवस्थित उपस्थितिले कथनीय संरचनालाई मूर्त रूपमा देखाइएको छ । शब्दभण्डारको प्रयोगका दृष्टिले तत्सम, तदभव शब्दको प्रयोग अधिक पाइन्छ । विचलनयुक्त भाषिक प्रयोगका साथ अग्रभूमि

निर्माणको सवलीकृत प्रयोग तथा रेखीय ढाँचामा रहेको कथानक, आकर्षक अन्तर्पात्रीय संरचना आदि विशेषताले गर्दा मुगलान उपन्यास रूचिपूर्ण र सफल बन्न पुगेको छ भन्ने निष्कर्ष निकालिएको छ ।

पन्थी, (२०६२) द्वारा नेपाली भाषा शिक्षा विभाग, विश्वविद्यालय क्याम्पस, कीर्तीपुर अन्तर्ग**त बसाई उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरेको पाइन्छ । उक्त शोधमा प्रमुख समस्याको रूपमा १.नेपाली समाजको सामाजिक यथार्थताको चित्रण कसरी गरिएको छ ? २. बसाइँ उपन्यासमा शब्द चयन कस्तो रहेको छ ? ३. विचलन तथा समानान्तरता कस्तो रहेको छ ? आदि रहेका छन । रेखीय ढाँचाको प्रयोग गरिएको, सामाजिक यथार्थवादी, आदर्शवादी ,यथार्थतिर ढल्केको, पलायनमूखी प्रकृत्तिलाई प्रश्रय दिएको, तदभव र तत्सम शब्दको प्रयोग भएको र सफल उपन्यासका रूपमा लिइएको यस उपन्यासको अध्ययनका प्रमुख उद्देश्यका रूपमा १.नेपाली समाजको सामाजिक यथार्थताको चित्रण गर्नु २.बसाइँ उपन्यासमा शब्द चयनको खोजी गर्नु ३. विचलन तथा समानान्तरताको अध्ययन गर्नु आदि रहेका छन । यस शोधकार्यमा उक्त उपन्यासको चयन, विचलन, समानात्तरताका आधारमा अध्ययन गरिएको छ भने कथावस्तुलाई आदि मध्य र अन्त्यको क्रममा विकसित गरिएकाले यो उपन्यास सफल रहेको निष्कर्ष निकालिएको छ । यस शोधकार्यमा पुस्तकालयीय अध्ययन विधिमार्फत सामग्रीको सङ्कलन गरी उक्त शोधकार्यलाई पूर्णता दिइएको छ ।

दाहाल, (२०६५ ) द्वारा नेपाली भाषा शिक्षा विभाग, त्रि.वि.किर्तीपुर अन्तर्गत **सुम्निमा उपन्यासको शैलीवैज्ञानिक अध्ययन** गरेको पाइन्छ । उक्त शोधमा प्रमुख समस्याका रूपमा यस उपन्यासमा रहेको चयन, विचलन, समानान्तरता जस्ता पक्षको प्रयोगको अवस्था कस्तो रहेको छ ? विश्लेषण गर्नु रहेको छ भने प्रमुख उद्देश्यका रूपमा यस उपन्यासमा प्रयोग भएका भाषिक पक्षको शैलीवैज्ञानिक अध्ययन गर्नु रहेको छ । अन्य विधाभन्दा उपन्यास विधाले पाठकलाई जिज्ञासा उत्पन्न गराई कौतुहलता जगाउँदै मनोरञ्जन प्रदान गर्ने आफ्ना विचारहरू स्वच्छन्द रूपमा राख्न पाउने ,साहित्यलाई समाजको ऐनाको रूपमा प्रस्ट्याउने, साहित्यका अन्य विधा जस्तै विभिन्न मान्यता र सम्प्रदायलाई उपन्यासले आधार मानी सिर्जना गर्न, विवेच्य उपन्यासका चरित्रले आफ्नो अस्तित्व खोज्ने, एतिहाँसिक पौराणिक विषयवस्तु भएपनि वैज्ञानिक र मनोवैज्ञानिक तत्वको चित्रण पाइनु , शास्त्रीयतावादबाट संसार नचल्ने र दुबैमा सम्पूर्ण भाव चाहिने भन्दै सुम्निमा उपन्यास दुई भिन्न संस्कृति, संकार भएका आर्य र अनार्य जातिविचको सङ्गम

भूमिका रूपमा प्रस्तुत भएको निष्कर्ष निकालेका छन । यस अध्ययनलाई पूर्णता दिन पुस्तकालयीय अध्ययन विधिवाट सामग्री सङ्कलन गरिएको छ ।

. क्षेत्री, (२०६७ ) द्वारा नेपाली भाषा विभाग, त्रि.वि. किर्तीपुर अन्तर्गत **कर्णाली ब्लुज उपन्यासमा शैलीवैज्ञानिक अध्ययन** गरेको पाइन्छ । उक्त शोधमा प्रमुख समस्याका रूपमा यस उपन्यासमा कस्तो भाषाशैली रहेको छ ? शब्दचयन, विचलन र समानान्तरताको अवस्था कस्तो रहेको छ ? आदि रहेका छन । यस अध्ययनमा प्रमुख उद्देश्यका रूपमा यस उपन्यासमा प्रयोग गरिएको भाषिक चयन, विचलन, समानान्तरता आदि पक्षको अध्ययन गर्नु रहेको छ । यस शोधकार्यलाई पूर्णता दिनका लागि पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरी सामग्री सङ्कलन गरिएको छ । जनजीवनमा प्रचलित धर्म, संस्कृतिलाई चित्रण गरिएको, साथै सुझावमा अस्लिल शब्द प्रयोग भएको, उपन्यासमा उपसंहार ह्रास भएको यसको तेस्रो सस्करणसम्म आउँदा पनि सुधार नभएको निष्कर्ष निकालेका छन ।

भूर्तेल, (२०७२) द्वारा ***सेतो धरती*** उपन्यासको शैलीवैज्ञानिक अध्ययन गरिएको पाईन्छ । पाँच अध्यायमा संरचित उक्त शोधमा यसको संरचना पक्षको शैलीवैज्ञानिक अध्ययन गर्ने उद्देश्य राखिएको देखिन्छ । उक्त अध्ययनमा प्रमुख समस्याको रूपमा १) सेतो धरती उपन्यासमा कस्तो भाषाशैलीको प्रयोग गरिएको छ ? २) यस उपन्यासमा कस्तो विचलन, चयन र समानान्तरता रहेको छ ? आदि रहेका छन भने प्रमुख उद्देश्यका रूपमा सेतो धरती उपन्यासमा प्रयुक्त कथानकको विश्लेषण गर्नु, पात्रका आधारका उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्नु, यस उपन्यासमा रहेका चयन, विचलन, समानान्तरता जस्ता पक्षको अध्ययन गर्नु रहेका छन । यस अध्ययनका क्रममा मूलत : पुस्तकालयीय अध्ययन विधि मार्फत सामग्रीको छनोट गरी अध्ययनलाई पूर्णता दिइएको छ । उनले प्रश्तुत शोधपत्र मा उक्त उपन्यासमा प्रयुक्त चयन, विचलन, समानान्तरताको खोज गरेकी छन र भाषालाई काव्यात्मक र प्रभावकारी बनाएको निष्कर्श निकालेकिछन ।

सुवेदी, (२०७३) द्वारा नेपाली भाषा शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस इटहरी ,सुनसरी अन्तर्गत ***दमिनी भीर* उपन्यासको *शैलीवज्ञानिक अध्ययन*** गरिएको पाईन्छ । यस अध्ययनका प्रमुख समास्याका रूपमा दमिनी भीर उपन्यासमा प्रयुक्त भाषाशैली कस्तो छ ? चयन, विचलन र समानान्तरताको अवस्था कस्तो छ ? आदि रहेकाछन भने उक्त अनुसन्धानका उद्देश्यहरू क) दमिनी भीर उपन्यासमा चयनको खोजी गर्नु ख) दमिनी भीर

उपन्यासमा विचलनको अध्ययन गर्नु, ग) दमिनी भीर उपन्यासमा समानान्तरताको अध्ययन गर्नु र घ) दमिनी भीर उपन्यासमा पात्रको चरित्रको चित्रण गर्नु रहेका छन । उक्त शोध कार्यमा पुस्तकालयीय अध्ययन विधिलाई प्रमुख विधिका रूपमा लिइिएको छ । प्रमुख सामग्रीका रूपमा दमिनी भीर उपन्यासलाई लिइएको छ भने सहायक सामग्रीका रूपमा विभिन्न शोधपत्र, पत्रपत्रिका एवं शैलीवैज्ञानिक विश्लेषणसंग सम्बन्धित पुस्तकहरूको अध्ययन माफर्त शोधपत्र तयार पारिएको छ ।

यस उपन्यासमा नेपाली समाजमा रहेका समस्याहरूलाई प्रस्तुत गरी सास्कृतिक र आर्थिक विभेदको अन्त्य गर्नुपर्ने एवं सहर केन्द्रित राजनीतिक परिपाटीको चित्रण गरिएको छ । वि.सं. २००७ साल अघिका राजनीतिक परिवेशर १० वर्षे जनयुद्धको अन्त्य गरी माओवादी शान्ति प्रक्रियामा आएपछि नेपाली राजनीतिमा आएको यथार्थको चित्रण गरिएको निष्कर्ष निकालिएको छ । समाजमा रहेका अन्याय अत्यचारको विरोध गर्नुपर्ने ,जनताले आफ्नो हक र अधिकार प्राप्तिका लागी सङ्घर्ष गर्नु पर्ने कुरालाई जोड दिइएको, विम्ब, प्रतीक, उखान टुक्काको चयन, निजी भाषाको चयन तथा आन्तरिक र बाह्य समानान्तरताको समुचित प्रयोग भएका कारण उपन्यास उत्कृष्ट बनेको निष्कर्ष निकालिएको छ ।

घिमिरे, (२०७४) द्वारा नेपाली शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस इटहरी, सुनसरी अन्तर्गत ***शून्य डिग्री* उपन्यास**को ***शैलीवैज्ञानिक अध्ययन*** गरेको पाईन्छ । उक्त अनुसन्धानको प्रमुख समास्याका रूपमा क) कथानकका आधारमा शून्य डिग्री उपन्यास कस्तो रहेको छ ? ख) चरित्रका आधारमा ***शून्य डिग्री*** *उपन्यास  कस्तो रहेको छ ? ग)* चयनका आधारमा ***शून्य डिग्री***  उपन्यास कस्तो रहेको छ ? घ) विचलन र समानान्तरताका आधारमा ***शून्य डिग्री*** उपन्यास कस्तो रहेको छ ? आदि रहेका छन भने यसको प्रमुख उद्देश्यका रूपमा क) फेटागको परिामिणको आधारम ***शून्य डिग्री***  उपन्यासको विश्लेषण गर्नु ख) शैली वैज्ञानिक आधारमा पात्रका चरित्रको चित्रण गर्नु, ग) चयनका आधारमा ***शून्य डिग्री*** उपन्यासको अध्ययन गर्नु, घ) विचलन तथा समानान्तरताका आधारमा ***शून्य डिग्री*** उपन्यासको अध्ययन गर्नु रहेका छन ।

यस अनुसन्धानमा पुस्तकालयीय अध्ययन विधिबाट सामग्री सङ्कलन गरी यसलाई पूर्णता दिइएको छ । तथ्याङ्क सङ्कलन अन्तर्गत प्राथमिक स्रोतका रूपमा ***शून्य डिग्री*** उपन्यासलाई लिइएको छ भने अन्य शोधपत्र, पत्रपत्रिका र पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा लिईएको छ । यस उपन्यासको कथानक क्रमबद्ध ढाँचामा प्रस्तुत भएकोले आदि ,

मध्य र अन्त्यको क्रम मिलेको , बहुबिबिाहका कारण भोग्नुपरेको दुःख र त्यसबाट उत्पन्न हुने समस्या साथै राजनीतिक तथा सामाजिक क्षेत्रमा हुने खिचातानीको स्थितिलाई समेत कलात्मक ढङ्गले प्रस्तुत गरिएको छ । स्रोतका आधारमा शब्द चयन अन्तर्गत तत्सम, तदभव र आगन्तुक शब्द तथा पदवर्गका आधारमा नाम, सर्वनाम, विशेषण, क्रिया, क्रियागोगी, नामयोगी आदि शब्दको प्रयोग पाईन्छ । विचलन मध्ये व्याकरणीक र ध्वनिक्रियात्मक विचलनको विश्लेषण गरिएको,आन्तरिक र बाह्य्य समानान्तरताका कारण उपन्यासको भाषा सरल, सहज ,आकर्षक र प्रभावकारी बन्न पुगेको निष्कर्ष निकालिएको छ ।

रामप्रसाद खरेलद्धारा लिखिल **रे** निबन्ध सङ्ग्रहमा निबन्धकारले नेपाली समाजमा व्याप्त विकृति विसङ्गति प्रति कटाक्ष गर्दै समाज परिवर्तनका लागि मानिसको दृष्टिकोणमा सुधार आउनु पर्ने तर्क प्रस्तुत गरेका छन । मानिस सांसारिक मोहमा अल्झिएको छ, धार्मिक तथा सांस्कृतिक सङकीर्णताबाट ग्रसित छ जसका कारण समाज समय सापेक्षा बन्न नसकेको कुरा उल्लेख गरेका छन । मानिसको जन्म हुनु मात्र सवर्स्व होइन ,जीवनलाई जीवन्त बनाई राख्न कर्मलाई निरन्तरता दिनुपर्छ, दुनियाँमा असम्भब भन्ने चिज केही पनि छैन आफ्नो बुद्धि विवेक सही ठाउँमा प्रयोग गरी सही मार्गबाट अगाडी बढ्नुपर्छ, कल्पनाले मात्र मानिसलाई यथार्थको प्राप्तिमा सफलता दिलाउँछ भन्ने मान्यता पनि निबन्धकारको रहेको छ । पुरानो मानशिकताले भरिएका मानिसहरू मरणोपरान्त स्वर्गको खोजी गर्ने बानी प्रति असन्तुष्टि व्यक्त गर्दै असल काम र व्यवहारबाट यस लोकलाई नै स्वर्ग बनाउनु पर्ने विचार व्यक्त गरिएको यस कृतिको हालसम्म कसैले पनि शैलीवैज्ञानिक अध्ययन नगरेको हुँदा यो शोधकार्य नै यस क्षेत्रको प्रारम्भिक अध्ययन बनेको छ ।

## २.२ पूर्वकार्यको उपयोगिता र कार्यान्वयन

‘रे’ निबन्ध सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन हालसम्म कसैले पनि नगरेको तथ्य पूर्वकार्यको समीक्षाबाट पनि प्राप्त भएको छ । यसमा पुस्तकालयीय अध्ययन विधिमा आधारित भएर अनुसन्धान गरिएको छ । प्रस्तुत शीर्षकमा शैलीवैज्ञानिक अध्ययन गर्न मोहनराज शर्माको शैलीविज्ञान, प्राध्यापक माधव प्रसाद पौडेलको प्रायोगिक भाषाविज्ञान तथा अन्य शोधार्थीले विभिन्न शीर्षकमा गरेका शैलीवैज्ञानिक अध्ययनलाई सन्दर्भ र स्रोत सामग्रीको रूपमा प्रयोग गरिएको छ । उक्त अध्ययनबाट देहाय बमोजिम उपयोगिता हुने छ ।

क) शीर्षक चयनमा सहयोग

ख) समस्या कथनमा सहयोग

ग) उद्धेश्य निर्धारणमा सहयोग

घ) विधि छनोटमा सहयोग

ङ) चयन, विचलन, समानान्तरता आदिका वारेका अध्ययन विश्लेषण गर्न सहयोग पुग्ने छ ।

कार्यान्वयनका तहमा उल्लेखित कृति तथा शोधहरूमा पुस्तकालयीय विधिमा केन्द्रित भएर वर्णनात्मक ढाँचाको प्रयोग गरिएको छ । यसबाट देहाय बमोजिम उपयोगिता तथा कार्यान्वयन गर्न सकिने हुन्छ ।

क) शिक्षक विद्यार्थी तथा अन्य शोधार्थीलाई समेत मार्गदर्शन गर्ने भएकाले यसको प्रभावकारीता रहेको छ ।

ख) कुनै पनि साहित्यिक कृतिमा निहित शैलीको वैज्ञानिक अध्ययन विश्लेषण गर्ने व्यक्तिलाई यसले मार्गदर्शन गर्दछ ।

ग) शैलीवैज्ञानिक प्रक्रियामा आधारित भएर काव्य वा साहित्य सिर्जना गर्नका लागि सर्जकलाई समेत सहयोग गर्छ ।

घ) शैलीविज्ञानले कुनैपनि काव्य वा साहित्यिक रचनामा प्रयोग गरिएका शब्द चयनका बारेमा अध्ययन गर्ने भएकाले स्रोत र वर्गका आधारमा शब्दको वर्गीकरण गरी अध्ययन गर्न सघाउँछ ।

ङ) काव्य वा साहित्यिक रचनामा रहेको विचलन (व्याकरणिक, भाषिक, आर्थी, प्रयुक्ति, कोशीय) आदिको अध्ययन गर्न सहयोग गर्ने छ ।

च) काव्य वा साहित्यिक रचनामा रहेको समानान्तरता ( आन्तरिक र बाह्य ) को खोजी गरी अध्ययन गर्न यस अध्ययनले सघाउनेछ ।

माथिका पूर्वकार्यहरू यस शोधपत्रको प्रारूप निर्माण, उद्देश्य निर्धारण, सामग्रीको विश्लेषणमा समेत उपयोगी रहेका छन ।

## २.३ सैद्धान्तिक/धारणात्मक संरचना

प्रस्तुत 'रे' निबन्ध सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन गर्ने सन्दर्भमा विभिन्न शोधार्थीहरूले गरेका शोधपत्र मार्फत यसको सैद्धान्तिक वा धारणात्मक संरचना निर्माण गरिएको छ । मोहनराज शर्माको शैलीविज्ञानलाई मूलआधार बनाई आंशिक रूपमा शैलीविज्ञानसंग सम्वन्धित माधवप्रसाद पौडेलको प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम भित्रको शैलीविज्ञान एकाइ तथा पाठलाई समेत आधार बनाईएको छ भने यो शोधकार्यका लागि विभिन्न समयमा गरेका शोधपत्रलाई समेत सन्दर्भ सामग्रीका रूपमा प्रयोग गरिएको छ ।

निम्न आधारमा कृति वा साहित्यको सैद्धान्तिक वा धारणात्मक संरचना तयार गरिएको हुन्छ ।

### २.३.१ साहित्यक संरचना

शैली विश्लेषणका तीन आधारमध्ये साहित्यिक संरचना पनि हो । कुनै पनि साहित्यिक कृतिको आफ्नै संरचना रहेको हुन्छ । साहित्यिक संरचनालाई निम्न आधारमा अध्ययन गरिन्छ ।

**क) बनोट :**

यो साहित्यिक कृतिमा पाईने साना - साना घटकहरूको कुल योग हो । साहित्यिक कृतिमा रहेका अङ्गहरू त्यसका घटक हुन । यसभित्र अङ्क, दृष्य, भाग, परिच्छेद आदि रहेका हुन्छन । शैलीविज्ञानले यी साना घटकहरूको विश्लेषण गरेर कृतिको अमूर्त रूप वा बनोटलाई मूर्त बनाउने काम गर्दछ ।

**ख) बुनोट :**

कुनै पनि साहित्यिक कृतिभित्र आएका बनोटका अङ्गहरूलाई बुन्ने काम यसले गर्दछ । यसले साहित्यिक कृतिका विभिन्न घटकहरूबीच सम्बन्ध स्थापित गराउने काम गर्दछ र साहित्यिक कृतिमा सौन्दर्य सिर्जना गराउँदछ । कृतिमा अलङ्कार योजना, छन्द विधान, प्रतीक व्यवस्था, चरित्र कथन, घटना, संयोजन, कथानक, आदिको वर्णन विश्लेषण शैलीविज्ञानले गर्दछ ।

### २.३.२ भाषिक संरचना

भाषा साहित्य सिर्जनाको प्रमुख साधन हो । भाषा अन्तर्गत निम्न आधारमा साहित्यलाई अध्ययन गरिन्छ ।

**क) ध्वनि वा वर्ण व्यवस्था**

कृतिमा रहेका खण्डीय र खण्डेत्तर वर्ण तथा ध्वनिको विश्लेषण गर्ने कार्य वर्ण व्यवस्था भित्र पर्दछ । कुनै पनि कृतिमा के कति मात्रामा वर्णहरूको प्रयोग गरिएको छ भन्ने कुराको अध्ययन यसमा गरिन्छ ।

**ख) शब्दभण्डार व्यवस्था**

भाषामा विभिन्न किसिमका शब्दहरू रहेका हुन्छन तिनै शब्दहरूको समूहलाई नै शब्दभण्डार भनिन्छ । कृतिमा रहेका शब्दको स्रोत, वर्ग, कार्य तथा तिनीहरूको सम्बन्धका वारेमा यस अन्तर्गत अध्ययन गरिन्छ । यस अन्तर्गत रूप विज्ञान र वाक्य विज्ञानको सहयोग लिइन्छ

**ग ) व्याकरण व्यवस्था**

व्याकरण भाषाको नियम सिकाउने शास्त्र हो । कुनै पनि भाषाका आफ्नै नियम र व्याकरणगत व्यवस्था हुन्छन । भाषाको प्रयोगले कृतिको सिर्जना गरिने हुनाले कृतिमा रहेका व्याकरणिक व्यवस्थालाई यस अन्तर्गत अध्ययन गरिन्छ । व्याकरणिक कोटि लिङग, वचन, पुरुष, काल, भाव, पक्ष आदिलाई नवीन वनाउने प्रयोजनले मानक रूपको प्रयोग गरिएको हुन्छ ।

क) चयन :

धेरै विकल्पहरूबाट एउटा विकल्पको छनोट गर्नु नै चयन हो । भाषिक अभिव्यक्तिलाई रसिलो, खिरिलो र सजीव बनाउनका लागि सर्जकले भाषाको छनोट गरि रचनालाई सार्थक, भावलाई गति र प्रवाह दिने काम चयनले गर्दछ । भाषिक एकाइको सुविचारित छनोट नै चयन हो । कृतिकारले उपलब्ध विकल्पहरूमध्ये कुनै एकको जानेर वा नजानी छनोट गर्न सक्छ (शर्मा,२०४८:७) ।

**ख) अग्रभूमि निर्माण** :

रचनाको कुनै अंसलाई विशिष्ट तुल्याउन तथा साना अंसमा बल दिनु नै अग्रभूमि निर्माण हो शर्मा, (२०४८:१०) । साहित्यकारले आफ्नो विचारलाई प्रभावकारी बनाउनका लागी ध्वनि शब्द, पदावली, वाक्य, आदिलाई विषेश जोड दिएर अगाडी राख्नु नै अग्रभूमि निर्माण हो । पछाडी रहेको सूचनालाई अगाडी ल्याई नवीनता सिर्जना गर्नु अग्रभूमि निर्माण हो ।

**ग ) समानान्तरता**

भाषा प्रयोगको नियमित पुनरावृत्तिलाई समानान्तरता भनिन्छ ( शर्मा,२०४८:१०) । यो उद्धेश्यमूक र सार्थक हुने गर्दछ । समानान्तरताको प्रयोग भाषाका विभिन्न स्तरहरू वर्ण पद, पदावली, वाक्य, लय तथा अर्थका रूपमा रहन्छ ।

(अ) बाह्य समानानतरता :

साहित्यिक कृतिको आवरण पक्ष वर्ण, अक्षर, छन्द, लय, आदिसँग सम्बन्धित पुनरावृत्तिलाई बाह्य समानान्तरता भनिन्छ । यो स्थूल प्रकृतिको हुन्छ । एक वा एक भन्दा बढी शब्द पद, वाक्य आदिको पुनराबृत्ति नै बाह्य समानान्तरता हो । भाषाका रूप, वर्ण, शब्द पदावली, वाक्य आदि बाह्य स्वरुप वा संरचनाको पुनराबृत्ति भएर प्रकट हुन्छ । यो अभिव्यक्तिमा वैचित्र्य वा अलङकारका रूपमा देखा पर्छ ।

**आ) आन्तरिक समानान्तरता**

भावार्थ वा वाक्यार्थका बीचमा आन्तरिक रूपले रहने अर्थगत सादृश्यता, नियमितता वा समानतालाई आन्तरिक समानान्तरता भनिन्छ ।

**२) विचलन** :

मानकको अतिक्रमणलाई वा उल्लङघनलाई विचलन भनिन्छ ( शर्मा, २०४८ : ८०) । कृतिकारले साहित्यमा नवीनता ल्याउन विचलनको प्रयोग गरेको हुन्छ जसले गर्दा साहित्य आलङ्कारिक बन्दछ । साहित्यिक सिर्जनाहरूमा विचलनयुक्त भाषिक प्रयोगले लक्ष्यार्थ तथा व्यङग्यार्थ प्रस्तुत गर्नुका साथै भावको उत्पन्न गराएको हुन्छ ।

**क) कोशीय विचलन**

शब्दकोशमा प्रयोग नभएका शब्द स्रष्टा आफैँले निर्माण गर्ने वा परम्परामा रहेका शब्दलाई नयाँपनका साथ उपस्थित गराउन प्रयोग गरिने भाषिक अभिव्यक्तिलाई कोशीय विचलन भनिन्छ ।

**ख) व्याकरणिक विचलन :**

व्याकरणिक कोटि लिङग, वचन, पुरुष, काल, भाव, पक्ष आदिलाई नवीन वनाउने प्रयोजनले मानक रूपभन्दा भिन्नरूपले प्रस्तुत गर्नुलाई व्याकरणिक विचलन भनिन्छ । यो विविध व्याकरणिक कोटिका रूपमा देखापर्ने विचलन भाषिक नियमको विपरित रूपमा देखा पर्छ । यसमा कर्ता, कर्म र क्रियाकासाथ उद्देश्य र विधेयबीचको रखाइको अनुक्रममा देखा पर्ने उल्लङघनलाई कोशीय विचलनभित्र अध्ययन गरिन्छ ।

**घ) प्रयुक्ति विचलन**

मानक भाषाको रूपमा स्वीकार गरिएको भाषाको सट्टा अर्को मानक भाषाको प्रयोग हुनुलाई प्रयुक्ति विचलन भनिन्छ । साहित्यिक कृतिमा भाषाको मानक रूपको प्रयोग नगरेर कुनै भाषाका शब्दलाई प्रयोग गरी नवीनता दिने प्रयास गरियो भने प्रयुक्ति विचलन हुन्छ ।

**ङ) ध्वनि वा वर्णगत विचलन :** लेख्य भाषालाई कथ्य प्रकृतिमा ढालेर गरिने विचलन ।

**च) लेख्य प्रक्रियागत विचलन :** शब्द लेखाइका क्रममा गरिने विचलन ।

**छ) अर्थगत विचलन :** अर्थगत रूपमा देखा पर्ने विचलनलाई अर्थगत विचलन भनिन्छ ।

**च) भाषिका विचलन :** कृति रचनामा विभिन्न भाषिकाहरूका शब्दलाई प्रयोग गर्दा हुने विचलन नै भाषिका विचलन हो ।

विविधता :

विषय र प्रयोक्ताका अनुसार एउटा भाषामा विभिन्न भेदहरू देखा पर्छन तिनै भाषिक भेदहरूलाई नै विविधता भनिन्छ । कृतिलाई प्रभावकारी बनाउन कृतिकारले विभिन्न भाषा तथा अन्य सामग्रीको प्रयोग गरेका हुन्छन ।

शैलीविज्ञानका सन्दर्भमा माथि चर्चा गरिएका सिद्धान्तका आधारमा ***रे*** निबन्ध सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।  शब्द चयन, वाक्य चयन, विचलन, समानान्तरता जस्ता आधारमा अध्ययन गरी यो शोधपत्रलाई पूर्णता दिइएको छ ।

# अध्याय तीन

# अध्ययनको प्रक्रिया वा विधि

## ३.१ आध्ययन विधि

निबन्धकार रामप्रसाद खरेलको 'रे ' निबन्ध सङ्ग्रहमा प्रयुक्त विषयवस्तु, भाषिक चयन, विचलन, समानानतरता जस्ता तत्वका बारेमा शैलीवैज्ञानिक अध्ययनमा यो अनुसनधान केन्द्रित रहेको छ । यो अध्ययन गुणात्मक एवं आगामी शोधकार्यका लागि समेत उपयोगी हुनेछ । यस शोधकार्यमा सामग्री सङ्कलनका प्राथमिक स्रोतका रूपमा निबन्धकार खरेलको रे निबन्ध सङ्ग्रहलाई लिइएको छ भने द्वितीयक स्रोत अन्तर्गत विभिन्न पुस्तकहरू, पत्रपत्रिका, लेखरचना र पूकार्यको रूपमा गरिएका शोध कार्यलाई लिइएको तथा पुस्तकालीीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस शोध पत्रमा निबन्धकार खरेलको उक्त कृतिमा रहेका भाषिक संरचना, चयन (शब्द चयन, वाक्य चयन), विचलन (कोशीय विचलन, व्याकरणिक विचलन, भाषिका विचलन, प्रयुक्ति विचलन, आर्थी विचलन) तथा आन्तरिक र बाह्य समानान्तरता जस्ता पक्षको अध्ययन गरी प्रस्तुत शोधपत्र तयार पारिएको छ । उक्त अध्ययनलाई पाँच अध्यायमा पूर्णता दिइएको छ । यस शोधकार्यमा पुस्तकालयीय अध्ययन विधिलाई अवलम्वन गरी सामग्रीको सङ्कलन गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना छनोट

निबन्धकार रामप्रसाद खरेलको 'रे ' निबन्ध सङ्ग्रहलाई मूल आधार मानी उक्त कृतिभित्र रहेका चौबीसओटा निबन्धहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । यस कृतिभित्र समावेश गरिएको भाषिक चयन (स्रोतका आधारमा शब्द चयन : तत्सम, तदभव र आगन्तुक), विचलन (व्याकरणिक विचलन, आर्थी विचलन, कोशीय विचलन, भाषिका विचलन, प्रयुक्ति विचलन) , समानान्तरता (आन्तरिक समानान्तरता र बाह्य समानान्तरता ) जस्ता पक्षलाई अध्ययन विश्लेषण गरी पुस्तकालयीय पद्धति मार्फत सामग्री सङ्कलन गरी यस अनुसन्धानलाई अगाडी बढाइएको छ ।

### ३.३ तथ्याङ्का स्रोतहरू

### ३.३.१ प्राथमिक स्रोत

कुनै पनि कार्य गर्नकालागि विभिन्न किसिमका सामग्रीहरूको आवश्यकता पर्दछ । त्यस्ता सामग्रीहरू विभिन्न तरिकाबाट उपलब्धहुने गर्दछन । यी आवश्यक सामग्री उपलब्धहुने स्थान नै सामग्रीका स्रोत हुन । प्रस्तुत शोधकार्यका निम्ति निबन्धकार खरेलको ' **रे** ' निबन्ध सङ्ग्रहलाई प्राथमिक स्रोतका रूपमा लिइएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

यस शोधकार्य **रे** निबन्ध सङ्ग्रहलाई प्रमुख आधार मानिएको छ यसका साथै अन्य सहयोगी सामग्रीहरू पनि विभिन्न स्रोतबाट खोजी गरी यस शोधकार्यलाई पूर्णता दिइएको छ । यस क्रममा विभिन्न पुस्तकहरू, पत्रपत्रिका, लेखरचना, शोध प्रतिवेदनहरू, शोधपत्र लेखनसंग सम्बन्धित अन्य पुस्तकहरू, शोध पुस्तकहरूलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ ।

### ३..४ तथ्याङक सङ्कलनका स्रोतहरू

यस शोध कार्यका लागी पुस्तकालयीय स्रोतबाट सामग्री सङ्कलन गएिको छ । पुस्तकालयमा भएका पुस्तक, पत्रपत्रिका, शोधपत्रलाई आधार बनाएर यो शोधपत्र तयार पारिएको छ ।

### ३.५ तथ्याङक विश्लेषण र व्याख्या

प्रस्तुत ' **रे** ' निबन्ध सङ्ग्रहलाई पुस्तकालयीय विधिवाट विभिन्न सामग्रीको सङकलन गरी पूर्वकार्यका रूपमा गरिएका विभिन्न शोधहरूपत्रको अध्ययन गरी तिनै सामग्रीरूलाई मुख्य आधार मानेर शोधपत्र लेखन कार्य सम्पन्न गरिएको छ । यस अध्ययनका क्रममा विभिन्न पत्रपत्रिका, लेखरचना, पूर्वकार्यका रूपमा गरिएका विभिन्न शोधपत्रहरूलाई प्रयोग गरी तीनै सामग्रीहरूको प्रयोग गरेर यस शोधकार्यलाई पूर्णता दिइएको छ ।

# अध्याय चार

## व्याख्या तथा विश्लेषण

### ४.१ ‘ रे ’ निबन्ध सङग्रहमा रहेको विचारको विश्लेषण

सुरुमा पत्रकारीतालाई आत्मासाथ गरेका रामप्रसाद खरेल वि.सं. २०७० सालमा **रे** निबन्ध सङ्ग्रहको पहिलो संस्करण प्रकासनसँगै नेपाली साहित्यमा देखापरेका प्रखर व्यक्तित्व हुन । उक्त प्रकासनले खरेललाई एक असल चिन्तक, विचारक र सचेत विचार भएका लेखक हुन भन्ने कुराको प्रमाणित गरेको छ । ‘ रे ’ को तेस्रो संस्करण २०७३ मा पाइन्छ । मानवीय चेतनाले युक्त यस कृतिभित्र जम्मा २४ ओटा निबन्ध छन भने १६४ पृष्ठमा विस्तारित भएको छ । यस निबन्ध सङ्ग्रहभित्र वर्णनात्मक, विवरणात्मक,र विचारात्मक निबन्धहरू रहेका छन । खरेल विषयवस्तुका दृष्टिले चिन्तन, विचार र चेतनाका त्रिवेणी हुन ।

यस कृतिमा उनले आत्माजगरणका लागि अन्तर्यात्रा, सवैसमान हुन, सबै महान बनुन, स्वर्ग जाने होइन बनाउने हो, ईश्वर भेटिन्छ, महान यात्राको थालनी जस्ता निबन्धमा आध्यात्मिक विषयलाई उठाएका छन । समाजका भाषिक, धार्मिक, सांस्कृतिक, आर्थिक, लैङगीक विभेदको विरोध, विरोध कै कारण वर्गीय, जातीय, धार्मिक लडाँईहरू हुने गरेको यथार्थको प्रस्तुति यी निबन्धमा पाइन्छ । मानिसको प्रतिशोधको भावनाको विरोध गर्दै सिर्जनशील मानिसले सिर्जानाको काम गर्छ र विना सिर्जनाको मानिस त्यसको विरोध गर्छ भन्ने तर्क प्रस्तुत गर्दै त्यस्ता प्रवृत्तिको विरोध गरेका छन । तसर्थ मान्छेले सवै वस्तुप्रति सकरात्मक दृष्टिकोण राख्नुपर्छ भन्ने मान्यता अघि सारिएको छ । मानिसलाई सदैब सिर्जनात्मक कार्य गर्न प्रेरित गर्ने खरेलले सिर्जनाकै कारणबाट व्यास, सेक्सपियर, ओसो, देवकोटा आदी व्यक्तिहरू जीवन्त रहेकाले सम्पूर्ण यूवा वर्गलाई सिर्जनामा लागेर अमर बन्न आग्रह गरेका छन । सांसारिक बन्धनले मानिसलाई सुख दिदैन, मानिस असन्तुष्ट प्राणी भएकाले उसले कहिल्यै पनि सुख देख्दैन त्यसैले उसलाई दुःख बढेको हो भन्ने विषयलाई गम्भीरताका साथ उठाएका छन । स्वच्छ मनले गरेका कामले मात्र कार्य सफल हुने र सन्तुष्टि पाइने हुँदा मानवीय संवेगलाई नियन्त्रण गरी भय, त्रासबाट मुक्त हुनुपर्ने मान्यतालाई प्रस्तुत गरेको पाईन्छ ।

भौतिक समपन्नताका लागि मानिसमा ठूलो तृष्णा छ यो कहिल्यै पूरा हुँदैन भन्ने सत्य कुरालाई मानिसले लत्याइरहेका छन । जीवनको यथार्थ बुझ्न र भोग्न पनि हामी मानशिक रूपमा तयार छैनौ । यी सब कारण भनेको हामी आफैँलाई चिन्ने, मूल्याङन गर्ने कुरामा सहमत छैनौ । जीवनका सारा खुसी र आनन्द हामी आफैँमा छ भन्दै खरेलले स्वामी विवेकानन्दको भनाईलाई प्रस्तुत गरेका छन : केही प्राप्तीका लागी आत्मालाई खोतलेर हेर्न सक्नुपर्छ । बाहिरी संसारलेत सल्लाह मात्र दिन सक्छ (खरेल,२०७०:३०) ।

असल कामका लागी समर्पित भएर यात्राको थालनी गरिए कहिल्यै पनि निरास हुन नपर्ने तथ्यलाई प्रश्तुत कृतिमा उल्लेख गरिएको छ । खरेलले युनिभर्षल पिस फाउन्डेसनको स्थापना गरेर विश्वमा शान्ति र आन्तरिक सम्बन्ध स्थापना गरेका मुनलाई विषयवस्तु बनाएर लेखेका निबन्धहरूमा युवालाई चेतना दिइएको छ । मुनले भनेका छन : हामी सवै जना महान हुनकै लागि भएका हौँ हामीले जस्तो सुकै लक्ष्य हाँसिल गर्न सक्छौ ( खरेल,२०७३: ४१) । विश्वका लागि हामी हौँ र विश्व हाम्रालागि हो भन्ने सोचकासाथ सन्देशलाई फैलाउने, युवालाई शसक्त, कर्तव्यनिष्ठ बनाउने र जीवनलाई संघर्षशील बनाउन सक्नुपर्छ भन्ने विचार पाइन्छ ।

हामीले राम्रो संस्कारको विकास गरी नयाँ पुस्तालाई असल संस्कार र शिक्षा दिनुपर्छ भन्ने चेतना यस कृतिमा पाईन्छ । खरेलले **स्वर्ग जाने होइन बनाउने हो** निबन्धमा हिन्दु संस्कारप्रति कटाक्ष गरेका छन । उनी भन्छन बाँचुन्जेल कर्म नगर्ने अनि मर्ने बेलामा दान गर, धर्म गर, मन्दिर, पाठशाला बनाउ, चारधाम डुलाउ, तर्पण पिण्ड देऊ स्वर्ग जान, तीर्थ ब्रत गर पापबाट मुक्ति पाउन जस्ता परम्पराको विरोध गरी मानिसले आफ्नो कार्यले यस लोकलाई नै स्वर्ग बनाउनु पर्ने कुरा उल्लेख गरेका छन । निबन्धकार भन्छन यदि हामीलाई वाच्दै स्वर्ग बनाउने ज्ञान दिएको भए तथाकथित पुरेत, पण्डित, नेता, धर्मगुरु कामै नगरी हिरो बन्न पाउदैनथे । अब स्वर्ग चाहीँ मरेपछि मात्र देख्न पाइन्छ भनेपछि बाँचुन्जेल हामीलाई चुसीरहन पाए कल्पनाको डर देखाएर ( खरेल, २०७३: ४७) ।

जब मानिसले कल्पना गर्छ तवमात्र ऊ यथार्थलाई पाउन सक्छ भन्ने सन्दर्भमा निबन्धकारले निम्न विचार प्रस्तुत गरेका छन : निर्माण, उत्पादन, लेखन, आविश्कार सवै कल्पनाबाट नै सुरु हुन्छन । निर्माणको कुरा गर्दा घर, बाटो, पुल जे बनाए पनि पहिले कस्तो बनाउने भनेर कल्पना गरिन्छ अनि उक्त कल्पनालाई नक्सामा उतारिन्छ त्यसपछिमात्र निर्माण गरिन्छ भन्ने प्रसंगलाई कोट्याउँदै मानिसले सधै अग्रगामी विचार लिनुपर्ने तर्क छ । कल्पना

महाँशक्ति हो । जोसंग कल्पना धेरै छ ऊ शक्तिशाली आविश्कारक बन्न सक्छ । कल्पनासंगै यात्रा पूरा गर्ने अठोट गरेपछि सफलताको घोषणा गर्न सक्ने ल्याकत पनि चाहिन्छ ( खरेल,२०७३: ६० ) ।

प्रतिध्वनिको सिद्धान्त, खोजी सम्भावनाको, सदैव जान्नु छ हामीलाई विचार र आचरण, के हामी गरिब छौ ?, रोक हेर र जाउ चेतनामूलक निबन्धहरू हुन । प्रतिध्वनिको सिद्धान्त निबन्धमा नैतिकता, आदर्श व्यक्ति, परिवार, राष्ट्र अनि विश्वको बारेमा बहस गर्ने क्रममा आँफूले गरेका कामको मूल्याङन गर्न आवश्यक छ । नैतिकता आदर्शको कुरा अरूबाट भन्दा आफूबाट हुन जरूरी छ भन्ने प्रशंग उठाएका छन । प्रतिध्वनिको सिद्धान्त अनुसार संसारमा अरूबाट तिमी जे चाहान्छौ अरूलाई पनि त्यही कुरा दिन र त्यस्तै व्यवहार गर्न सक्नुपर्छ ( खरेल, २०७३:६०) ।

**महान यात्राको थालनी** निबन्धमा निबन्धकारले हामी भविष्य निर्माणमा भाग्यलाई भन्दा कर्मलाई विश्वास मानी अगाडी बढ्नु पर्छ, विचार र उद्धेश्य ठूलो लिनुपर्छ भन्ने विषयलाई उजागर गर्दै एउटा उद्यमीको विचारलई प्रश्तुत गरेका छन उद्यमी भन्छ : आफ्नो कर्मले भाग्य हुन्छ, मलाई विश्वास छ तर यो कसैले पनि निर्धारण गरेको हुँदैन । हरेक व्यक्ति स्वयंले आफ्नो भाग्य निर्माण गर्ने हो । आफ्नो सफलताको कथाकार, निर्देशक र निर्माता आफैं हो । म जे छु आज मेरो कर्मका कारणले भएको हुँ (शर्मा,२०७३:७६) ।

खोजी सम्भावनाको निबन्धमा निबन्धकारले संसारमा भएका सबै चिज बस्तुको आफ्नै गुण हुन्छ, सम्भावना छ र ती वस्तुप्रति मानिसको आफ्नै अनुकुलको दृष्टिकोण अनुसारको सम्भावना रहेको हुन्छ । त्यसैले हामीले आफैंमा निहित सम्भावनालाई प्रश्फुटन गर्न सक्नुपर्छ भन्ने तर्क प्रस्तुत गरेका छन । आफूभित्रको सम्भावना अरू कसैले थाहा पाउँदैन हामी आफूबाहेक त्यसैले आफ्नो जीवनको शोधकर्ता, खोजकर्ता निर्माणकर्ता आफैं बन्न सक्नुपर्छ (खरेल,२०७३:८७) ।

यस निबन्धमा जीवनको मूल्य, मान्यता र महत्व बुझाउनका लागि युवालाई प्रेरित गरिएको छ । निबन्धमा आध्यात्मिक चिन्तनको विषयलाई उठान गरिएको भएतापनि विषय प्रस्तुतिमा कलात्मक ढङगले विज्ञानको चर्चा गरेका छन । खरेलको **गोपी कृष्ण कहो** निबन्ध प्रतीकात्मक रहेको छ । मानिसले पिँजडाको सुँगाले बारबार भनिरहेको जस्तो एउटै प्रसंग दोहोऱ्इरहनु हुँदैन । जीवनलाई सफल पार्नका निम्ति नयाँ सोच र विचार लिनुपर्छ । हामीले

असल व्यवहार मूल्य मान्यता हस्तान्तरण गर्दै जानुपर्छ । हामीले जे गर्यौ पछिल्ला पुस्ताले पनि त्यही सिक्दै जानेहुनाले असल संस्कारलाई जोड दिनुपर्छ । मानिसले निर्माण गर्ने पहिलो कुरा संस्कार हो असल संस्कारमा हुर्केको व्यक्ति प्रेमले भरिपूर्ण हुन्छ । आज हाम्रा लागि, भोलिको हाम्रो नयाँ पुस्ताको लागि असल संस्कार निर्माण गरौं (खरेल,२०७३:११३) ।

शास्त्रीय मान्यतामा आधारित विचारहरू पनि यस कृतिमा रहेका छन । हामीले अग्रजको वचनलाई आत्मासाथ गर्नुपर्छ । बौद्ध दर्शनमा आधारित **वाणी अप्पो दिप्पो भव** (आफ्नो प्रकास आफैं वन ) यस वाणीमा सारा कुरा रहेकालले यसलाई आत्मासाथ गर्नुपर्छ, कुनै कार्यका लागि पहिले सङकल्प गर्नुपर्छ दोस्रो आफ्नो जीवनको पुस्तक आफै पढने र तेस्रो सिर्जनशीलता यी तीन कुराले मानिसलाई उचाईमा पुऱ्याउने भाव यस निबनधमा रहेको छ । आनन्दको कुरा अनुभूति मात्र गर्न सकिन्छ भन्ने कुरा माहात्माले बताएका छन । मानिस सधैं प्रकासमय बन्नका लागि सिप र श्रमसगैं साधना आवश्यक पर्ने विषयलाई यसमा समावेश गरिएको छ ।

बास्तबमा कुनै पनि कुरालाई गहिराइबाट बुझ्न सक्नुपर्छ भन्ने सकरात्मक सन्देश नै यस कृतिको मूलभाव हो । खरेलले यस कृति मार्फत मानिसले अनाबस्यक अहम्लाई त्यागेर सही कर्म गरेमा मात्र लक्ष्यमा पुगिने कुराप्रति सचेत गराएका छन । वर्तमान युवा पुस्ताई नँया ढङगले अगाढी बढ्न र सिर्जनशील भई सफल जीवन जीउनका लागि प्रेरणा र ऊर्जा दिन सफल बनेका छन निबन्धकार खरेल र उनको 'रे' निबन्ध सङ्ग्रह ।

## ४.२ ' रे ' निबन्ध सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन

भाषा आर्जन र प्रयोगमा आधारित मानवीय व्यवहार हो । तसर्थ यो कथ्य र लेख्य परम्परामा आधारित हुन्छ । भाषाको प्रयोगबाट नै साहित्यको सिर्जना गरिएको हुन्छ । तसर्थ कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्दा त्यसमा निहित भाषिक संरचना र साहित्यिक संरचनाको संयोजन हुन आवस्यक छ । शैलीवैज्ञानिक विश्लेषणबाट भाषिक उपकरणहरूको प्रयोगले साहित्यिक कृतिलाई विशिष्टता, असमान्यता, विलक्षणता दिलाउन चयन, विचलन र समानान्तरताको अहम भूमिका रहेको हुन्छ । शैलीवैज्ञानिक अध्ययनबाट **रे** निबन्ध सङ्ग्रहमा रहेको भाषिक चयन, विचलन, र समानान्तरताको आधारमा विश्लेषण गरिएको छ ।

**क) चयन**

धेरै विकल्पहरूबाट एउटा विकल्पको छनोट गर्नु नै चयन हो । भाषिक अभिव्यक्तिलाई रसिलो, खिरिलो र सजीव बनाउनका लागि सर्जकले भाषाको छनोट गरि रचनालाई सार्थक, भावलाई गति र प्रवाह दिन गरिने छनोट नै चयन हो । भाषिक एकाइको सुविचारित छनोट नै चयन हो । कृतिकारले उपलब्ध विकल्पहरूमध्ये कुनै एकको जानेर वा नजानी छनोट गर्न सक्छ (शर्मा,२०४८:७) ।

**१. शब्द चयनका आधारमा ' रे 'निबन्ध सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन**

शब्द भाषाको अर्थपूर्ण एकाइ हो । भाषिक प्रयोगमा शब्दको विशिष्ट भूमिका हुन्छ । शब्दले भाषाको बोध तथा अभिव्यक्ति प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । शब्दको अभावमा भाषाको परिकल्पना असम्भव छ । भाषाका अर्थपूर्ण एकाइहरूमध्ये शब्द रूप भन्दा माथिल्लो र पदावली भन्दा सानो भाषिक एकाइ हो (भुसाल, २०७३:१९२ ) । रचनालाई ओजपूर्ण बनाउन स्रस्टाले विभिन्न शब्दको प्रयोग गरेका हुन्छन । जसले कृतिलाई रोचक तुल्याउँछन । प्रस्तुत ' रे ' निबन्ध सङ्ग्रहमा निम्नलिखित शब्दको छनोट गरिएको **पाइन्छ** ।

**१.१ स्रोतका आधारमा शब्द चयन**

स्रोत भनेको शब्द उत्पत्ति भएको ठाउँ हो । भाषामा प्रयुक्त शब्दहरू जुन मूल भाषाबाट आएका हुन त्यसलाई शब्दस्रोत भनिन्छ । शब्द आगमनको मूल स्रोत पत्ता लगाई त्यसकै आधारमा शब्दको वर्गीकरण गर्नु स्रोतका आधारमा शब्दको वर्गीकरण हो । नेपाली भाषाको मूल शब्द स्रोत संस्कृत हो । त्यसैले नेपाली भाषामा संस्कृतका शब्दहरू बढीमात्रामा पाईन्छन । नेपाली भाषामा संस्कृतका अलवा देशभरीका वा अन्य बाहिरी देशका भाषाबाट पनि थुप्रै शब्दहरू आएका छन । यस आधारमा ***रे*** कृतिमा रहेका शब्दहरूलाई निम्न वर्गीकरण गरी अध्ययन गरिएको छ ।

**क) तत्सम शब्दको चयन**

संस्कृत भाषाबाट नेपाली भाषामा रूप नफेरिकन जस्ताको तस्तै आएका शब्द तत्सम शब्द हुन । जस्तै : अग्नि, वंश, पत्र, नाशिका, कण्ठ, कर्ण, ज्ञान, शासन, भाषण आदि तत्सम शब्द हुन । निबन्धकार खरेलले यस निबन्ध सङ्ग्रहमा प्रशस्त मात्रामा यस्ता शब्दको प्रयोग गरी अभिव्यक्ति वा विचारलाई सुस्पष्ट बनाउने प्रयास गरेका छन ।

‘ रे ’ निबन्ध सङ्ग्रहमा प्रयुक्त तत्सम शब्दको प्रयोग निम्नानुसार रहेको छ :

उचाइमा पुगेपछि त्यो ***दृष्य***हेर्न सक्छौ ।  (पृ : १०५)

हामी दुई ***पात्र*** बीच यही ***विषय***मा छलफल भइरहेको छ

***आबस्यकता*** बिनाको कुराले मानिसलाई ठूलो ***अर्थ*** राख्दैन ।

त्यसको ***जड विश्व*** हो ।  (पृ :१११)

उनले नयाँ ***मनुष्य***को आसा गरेका छन ।  (पृ : १४५)

माथिका उदाहरणमा दिइएका वाक्यमा प्रयोग भएका दृष्य, पात्र, अर्थ, जड, विश्व, मनुष्य आवश्यकता, विषय आदि संस्कृत भाषाबाट नेपाली भाषामा रूप नफेरिई आएका हुनाले यस्ता शब्दहरू तत्सम शब्द हुन ।

**ख) तदभव शब्दको चयन** :

संस्कृत भाषाबाट नेपाली भाषामा रूप फेरिएर आएका शब्दलाई तदभव शब्द भनिन्छ । जस्तै :हात, आगो, पात, नाक, काम, दुध, रुख, दही, रातो, आज, सात, एघार आदि त्भव शब्द हुन । यस्ता शब्दको प्रयोगले अभिव्यक्तिमा मिठास ल्याउँछ । निबन्धकार खरेलले रे’ निबन्ध सङ्ग्रहमा प्रयोग गरेकाका तदभव शब्दका उदाहरण :

नाम खुसीराम ***काम*** दुःखीराम ।  (पृ : ९५)

***दुध***भन्दा दही फरक हुन्छ **दही** भन्दा मही, त्यस भन्दा फरक हुन्छ ***घिउ***। ( पृ : १३९ )

माथिको उदाहरणमा प्रयोग गरिएका काम, दुध, दही र घिउ शब्दहरू संस्कृत भाषाबाट रूप फेरिएर नेपालीमा आएका हुनाले यी शब्द तदभव शब्द हुन यी शब्द निम्न रूप फेरिएर नेपालीमा आएका हुन :

| संस्कृत शब्द | नेपाली शब्द |
|---|---|
| कर्म | काम |
| दुग्ध | दुध |
| दधी | दही |
| घृत | घिउ |

**ग) आगन्तुक शब्दको चयन**

अन्य भाषाबाट नेपाली भाषामा आएका शब्दलाई आगन्तुक शब्द भनिन्छ । आगन्तुक शब्दलाई पाहुना वा सापटी शब्द पनि भनिन्छ । नेपालमा बोलिने विभिन्न भाषाहरू तथा विदेशमा बोलिने विभिन्न भाषाहरूबाट नेपाली भाषामा आएका शब्दहरू आगन्तुक शब्द हुन । जस्तै : पैनी, ढाट, लाखे, लामा, मःम, क्याम्पस, थर्मस, अखवार आदि आगन्तुक शब्द हुन । यस्ता शब्दको प्रयोगले अभिव्यक्तिमा मिठास ल्याउँछ । प्रस्तुत कृतिमा प्रयुक्त आगन्तुक शब्दका उदाहरणलाई निम्नानुसार देखाइएको छ ।

म एक जना व्यवसायीको ***फेसबुकमा स्टाटस*** देखाइदिन्छु । (पृ : १०७ )

सो ***कहानी*** यस्तो थियो । (पृ : १०९)

***गियर,क्लज,डीम*** तथा बिम ***लाइट***हेर्न ***साइडलाइट***हरू हुन्छन गाडीमा (पृ : १३३)

माथिको वाक्यमा प्रयोग गरिएका फेसबुक, स्टाटस, कहानी, गियर, क्लज, डिम, लाइट, साइडलाइट जस्ता शब्दहरू संस्कृत र नेपाली भाषा बाहेकका भाषाबाट नेपाली भाषामा आएकाले यी शब्दहरू आगन्तुक शब्द हुन ।

**२ ) वर्गका /कार्यका आधारमा शब्दचयन**

वाक्यमा प्रयोग भई शब्दले खेल्ने भूमिकालाई शब्दको कार्य भनिन्छ । शब्दले वाक्यमा आई विभिन्न किसिमको कार्य सम्पादन गर्दछ । यस क्रममा कतिपय शब्दले नाम, सर्वनाम, विशेषण र पित्रयापदको काम गर्दछन भने कतिपय शब्दले नामयोगी, क्रियायोगी, विस्मयादिबोधक र निपातको काम गर्दछन । यस आधारमा प्रस्तुत कृतिमा प्रयोग गरिएका शब्दको अध्ययन निम्न गरिएको छ ।

**क) नाम शब्दको चयन :**

कोशीय अर्थ निहित भएको कुनै वस्तु, ठाउँ, पदार्थ, भाव आदि बुझाउन प्रयोग गरिने शब्दलाई नाम भनिन्छ । अथवा के र को प्रश्नको उत्तरमा आउने शब्दलाई नाम भनिन्छ । यसले वाक्यमा आएर शीर्ष, उद्धेश्य, कर्म, पूरकको काम गर्छ । नामलाई सङ्खेय, असङ्खेय, सवीव, निर्जीव, मानवीय, मानवेतर, मूर्त, अमूर्त आदिका आधारमा विभाजन गरिएको छ । यस निबन्ध सङ्ग्रहमा प्रयोग भएका नाम शब्दकाका उदाहरणहरू निम्न छन :

***विज्ञान***को कुरामात्र होइन आध्यात्मको कुरा पनि हो । ( पृ : ९ )

**छोरीमा**त्र हुनु उनीहरूलाई अभिशाप हो । ( पृ : ४६ )

***सिर्जना***संग जोड्न जान्नुपर्छ । (पृ : ६१ )

***देवकोटा****को* सिर्जना पनि कल्पनाले जन्माएको हो । (पृ : ६३ )

***मानिस***ले अरूका लागि भलाई गरे पक्कै पनि उसको जीत हुन्छ । (पृ : १२३ )

***दुध***बाट ***दही*** बन्दा जस्तो फरक हुन्छ हामी शिक्षित त्यसबाट उपलब्ध ज्ञान र सीपले नयाँ कुरा जन्माउन सक्नुपर्छ । (पृ : १३९ )

उल्लेखित वाक्यमा प्रयोग भएका छोरी, सिर्जना, देवकोटा, मानिस, दुध, दही आदि शब्दहरू नाम शब्द हुन ।

**ख) सर्वनामको चयन :**

नामको सट्टामा प्रयोग हुने शब्दलाई सर्वनाम भनिन्छ । यसको प्रयोग एउटा अभिव्यक्तिलाई पटक पटक आवृत्ति हुनबाट रोकी भाषिक अभिव्यक्तिलाई स्तरीय बनाउन गरिन्छ । यस कृतिमा प्रयुक्त सर्वनामका उदाहरणहरू :

***मैले*** हिन्दुधर्मको विरोध गरेको छैन । (पृ : ४०)

***ऊ*** मुक्त हुन्छ जन्म मृत्युको चक्रबाट । (पृ : ४७)

***यहाँ*** प्रश्तुत यी नाम प्रतिनिधी पात्र मात्र हुन । (पृ : ५५ )

***जे*** कुरा छैन जस्तो लाग्छ ***त्यो*** हुन्छ । (पृ :५६ )

***जोसंग*** कल्पनाशक्ति धेरै छ ***ऊ*** शक्सिाली हुन्छ । (पृ : ६० )

***उनीहरूको*** घर पहाडको केन्द्रमा थियो । (पृ : ६५)

***तिमी आफ्नो*** भाग्य निर्माता कसलाई ठान्छौ ? अब के **आफ्नो** भाग्य निर्माता ***आफ्नै*** कर्म हो भन्ने कुरामा सहमत छौ (पृ : ८१)

***तिमी*** विनाको जिन्दगी मेरा लागी वाच्न गारो भयो । जब ***तिमीले म***सँगको सम्बन्धलाई तोड्यौ त्यसपछि मैले ***आफू***बाच्नुको सार्थकता भेटिन र जीवनको अन्त्य गर्ने निर्णयमा पुगी ***आफ्***नो कोठामा ***यो*** पत्र लेखीसकेपछि मर्नेछु । (पृ : ९४ )

माथिको उदाहरणमा दिइएका वाक्यमा प्रयोग भएका मैले, ऊ, यहाँ, जे, त्यो, जो, उनीहरू, तिमी, आफ्नो, आफू आदि शब्दहरू नामका सट्टामा प्रयोग भएका छन त्यसैलै यी शब्दहरू सर्वनाम हुन ।

**ग) विशेषणको चयन**

नाम वा सर्वनामको गुण, दोस वा अवस्था बुझाउने पद नै विशेषण हुन । अर्थात कस्तो, कत्रो, कति र कुन प्रश्नको उत्तरमा आउने शब्द विशेषण हो । लिङ्ग वचन, पुरुष, कारक र आदरका आधारमा यसको रूपायन हुन्छ । यसलाई कोशीय वर्गको एकाइ मानिन्छ । वाक्यतात्विक आधारबाट हेर्दा विशेषण नाम पदको ठीक अगाडी उद्धेश्य विशेषणका रूपमा वा पछाडी विधेय विशेषणका रूपमा आउने गर्दछ । ‘ रे ’ निबन्ध सङ्ग्रहमा पनि प्रशस्त मात्रामा विशेषण शब्दको प्रयोग भएका छन । केही उदाहरण :

***सिर्जनशील***भएर आफ्ना सिर्जनामार्फत फरक जीवनको निर्माण गरी सधैँ चम्किरहने ***थुप्रै*** नाराहरू छन । (पृ : २६ )

***एउटा*** किताबको प्रभावले ***केही*** गर्न प्रेरणा जगाई आज क्रान्तिका हिरो भएका छन ***हजारे*** ।

(पृ : ५४)

अर्को **पाँचौ** व्यक्तिचाँही भन्छ : खै मैलेत केही पनि देखिरहेको छैन, कता छ हिमाल ? कता छ **हरियाली** । (पृ : ७१)

प्रस्तुत उदाहरणमा प्रयोग भएका सिर्जनशील, थुप्रै, एउटा, हजारे, पाँचौ, हरियाली आदि शब्दहरूले नामिक पदको विशेषता बुभाएका हुनाले यी शब्दहरू विशेषण शब्द हुन ।

**घ) क्रियापदको चयन** :

वाक्यमा कर्ताले गरेको काम वा कार्यव्यापार, घटना वा अवस्था आदिलाई बुझाउने शब्दलाई क्रियापद भनिन्छ । क्रियापदको अभावमा न त वाक्यले पूर्णता पाउँछ न त विचारले नै । विकारी पदवर्ग अन्तर्गत पर्ने क्रियापद सबै व्याकरणिक कोटीका आधारमा रूपायित हुने शब्दवर्ग हो । धातु र प्रत्ययको योगबाट निर्माण हुने यसले वाक्यलाई टुङ्ग्याउने काम गर्दछ । यस कृतिमा प्रयोग भएका क्रियापदका केही उदाहरणहरू :

यसैले हामीले जीवनमा गर्ने काम पनि आवश्यकताको आधारमा तय गरियो भने बढी प्रभाबकारी ***हुन्छ*** । बिरामी भएको बेलामा औषधी **चाहिन्छ** । खेत जोत्ने फाली बनाउन सुन भएर हुँदैन फलाम ***चाहिन्छ*** । गहना बनाउन मात्र सुन महत्वपूर्ण **हुन्छ** । (पृ : १०९)

गन्तव्यमा पुग्न म बस प्रयोग ***गर्छु*** । (पृ :१२७)

सफलताले संसारको नेतृत्वकर्ता बनाउन ***सक्छ*** । (पृ: १३६)

असल समाज निर्माणका लागी हामीले आफ्नो भूमिकालाई उच्च स्तरमा पूरा ***गर्नुपर्छ*** ।

(पृ: १४० )

माथिको वाक्यमा प्रयोग भएका चाहिन्छ, हुन्छ, गर्छु, सक्छ आदि शब्दहरूले वाक्यलाई पूरा गरेका छन त्यसैले यी शब्दहरू क्रियापद हुन ।

**ङ) निपातको चयन** :

आफ्नो स्वतन्त्र अर्थ नभएका तर वाक्यमा प्रयोग भई भनाइमा जोड दिने, अर्थमा मिठास ल्याउने अव्यय शब्दलाई निपात भनिन्छ । व्याकरणिक कोटीका आधारम निपातको रूप परिवर्तन नहुने हुँदा यसलाई अविकारी वर्गका शब्द मानिन्छ । निपातको स्वतन्त्र अर्थ समेत नहुने हुँदा यसलाई कोशेतर वर्गको एकाई मानिन्छ । निपातले वाक्यलाई मिठास तुल्याउने कार्य गर्दछन । यस कृतिमा प्रयोग भएका निपातका उदाहरणहरू :

समस्या अरूका कारणले भन्दा पनि आफ्नै कारणले ***नै*** बढी छ । (पृ: ३१ )

सबै कुरा मस्तिष्कमा हुने ***त*** हो एउटै हो ***नि*** । (पृ : ६३)

नैतिकवान हुन के गर्ने ***त*** ? ( पृ :६५ )

खै मैले **त** केही पनि देखिरहेको छैन । ***खोइ*** कता छ हिमाल ? कता छ पहाड । (पृ : ७१ )

अब यसो गरौँ ***न*** हुन्न ? एकपटक सबै मिलेर एउटै उचाइमा चढेर संसार हेरौ ***न*** ।

(पृ : ७४)

दिने ***त*** जे छ , त्यही त हो ***नि*** । (पृ : ९८)

माथिका वाक्यमा प्रयोग गरिएका त, नि, खै, पो, न, नि आदि शब्दहरूको आफ्नो स्वतन्त्र अर्थ नभएका र यिनीहरूले वाक्यलाई मिठास थपेका हुनाले यी शब्दरू निपात हुन ।

**च ) नामयोगीको चयन** :

नाम वा नामिक पदसंग जोडीएर आएका शब्दलाई नामयोगी भनिन्छ । व्याकरणिक कोटिका आधारमा रूप परिवर्तन नहुने भएकाले नामयोगीलाई अविकारी पद अन्तर्गत अध्ययन गरिन्छ । प्रस्तुत रे निबन्ध सङ्ग्रहमा रहेका निबन्धहरूमा पनि निबन्धकारले प्रशस्त मात्रामा नामयोगी शब्दको प्रयोग गरेका छन । यसका केही उदाहरणहरू निम्न छन :

चारबर्ष पछि **रे** को दोस्रो संस्करण तपाईँहरू***माझ*** लिएर आउँदा हर्षित छु । (पृ : १३ )

सन् २०१६ सेक्टेम्वरको पहिलो साता स्वामी आनन्द अरुण***संग*** तपोवनमा वित्यो ।

हामीले हरेक काम होस***पूर्वक*** गर्न आवश्यक छ ।

यसैको आडमा रहेर ***हामीमाथि*** शासन गरिरहेका छन् । (पृ : ३५)

हामी***माथी*** निरन्तर प्रहार भईरहेको । (पृ : ३६)

युग निर्माणका लागी हाम्रो यात्रा अहिले***बाट*** सुरु गर्न आवश्यक छ ।

आफू***संग*** भएको कुराा छाडेर नभएको कुरा खोज्न हिँडेर न त खुसी न त सफलता पाईन्छ । कल्पना हरेक मानिस***संग*** हुन्छ । (पृ : ६१ )

**छ) क्रियाविशेषणको चयन** :

वाक्यमा प्रयोग भई क्रियाको विशेषता बुझाउने पदलाई क्रियाविशेषण भनिन्छ । व्याकरणिक कोटीका आधारमा रूप परिवर्तन नहुने हुँदा क्रियाविशेषणलाई अविकारी पद अन्तर्गत नै अध्ययन गरिन्छ । प्रस्तुत निबन्ध सङ्ग्रहमा प्रयोग भएका क्रियायोगीका केही उदाहरणहरू ।

सफलता हामी ***भित्र*** हुन्छ । (पृ : ६४)

भैसी भीरको छेउमा पुगेछ र भीरबाट ***खसेर*** मरेछ । (पृ : ६७)

एकले अर्काको सफलताको कामना ***गरिरहेका*** हुन्छन । (पृ : ८९ )

**ज) संयोजकको चयन** :

दुई वा सोभन्दा बढी वाक्यलाई जोडेर सिङ्गो वाक्य बनाउने शब्दलाई संयोजक भनिन्छ । संयोजकले विभिन्न पद, पदावली, वाक्यांस र वाक्यलाई जोडेर अभिव्यक्तिमा चमत्कार ल्याउने तथा भनाईलाई प्रभावकारी तुल्याउने कार्य गर्दछ । प्रस्तुत कृतिमा पनि संयोजक

शब्दको प्रयोग गरिएको छ । संयोजक शब्द प्रयोग भएका केही वाक्यको उदाहरणहरू यस प्रकार छन् ।

अरूका लागि प्रेम दर्शाउन ***र*** हाँसोका लागि कामना गर्न हरपल हाम्रा लागि अवसर छ ।

(पृ : ९३)

बाँचेर संसारका लागि नभएपनि आफ्नै लागि भए ***पनि*** राम्रो काम गरेको ***भए*** त्यो ठूलो काम हुन सक्थ्यो । (पृ : ९५ )

खिर ख्वायो ***तरपनि*** उसको साथीलाई राम्रो भएन । (पृ : १०९)

उसो भए अब के गर्ने ***वा*** दिने त  नयाँ पुस्तालाई । (पृ :११०)

कुनै कुरालाई निशेध नगर, नबढाउ ***वरू*** त्यसलाई सकरात्मकतातर्फ रूपान्तरण गर ***भन्ने*** ओसो दर्शनको मूल भाव हो ।

माथिको वाक्यमा प्रयोग भएका र, पनि, भए, तरपनि, वरु, भन्न, वा आदि शब्दहरू संयोजक हुन ।

**३) वाक्य चयनका आधारमा रे निबन्ध सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन :**

वाक्यांस भन्दा ठूलो र अनुच्छेद भन्दा सानो भाषिक एकाइलाई वाक्य भनिन्छ । यसमा एकभन्दा बढी उपवाक्यहरू रहेका हुन्छन ( भुषाल, २०७३:३९४) । वाक्य बन्नका लागि एउटा उद्धेश्य र एउटा विधेय हुनै पर्छ । वाक्य भाषाको स्वतन्त्र एकाइ हो । वाक्य सरल, संयुक्त र मिश्र गरी तीन प्रकारका हुन्छन । यस आधारमा ‘ रे ’ निबन्ध सङ्ग्रहमा प्रयोग गरिएका वाक्यलाई निम्नानुसार अध्ययन गरिएको छ ।

**क) सरल वाक्यको चयन** :

एउटा मात्र समापिका क्रिया भएको, असमापिका क्रिया नभएको स्वतन्त्र वाक्यलाई सरल वाक्य भनिन्छ । ‘ रे ’ निबन्ध सङ्ग्रहमा सरल वाक्यको अधिक प्रयोग पाइन्छ जसमध्ये केही उदाहरणहरू निम्न छन ।

कसैलाई शुभकामना दिन ,कामना गर्न, प्रेम दर्साउन कुनै अवसर पर्खिरहनु ***पर्दैन*** ।

(पृ : ४७)

कसैले दिएको माँया प्रेम सहयोग सम्मान मात्र हाम्रो जीवनका लागि प्रेरणाका स्रोत ***होइनन्*** । (पृ : ९९)

गन्तव्यमा पुग्न म बस प्रयोग ***गर्छु***। (पृ : १२७)

सारा जीवनको निर्माण नै सिर्जनशीलताले ***गर्ने छ***। (पृ : १३० )

नियम प्रकृतिले ***बनाएको छ***। (पृ : १३५)

सफलताले संसारको नेतृत्वकर्ता बनाउन ***सक्छ***। (पृ : १३५)

जीवनमा सबभन्दा ठूलो प्राप्ति ***आनन्द हो***। (पृ : १४७)

माथिका वाक्यको अन्त्यमा प्रयोग भएका गर्छु, गर्नेछ, बनाएको छ , सक्छ, आनन्द हो आदि शब्द क्रियापद हुन । यी क्रियाहरूमा एउटा मात्र समापिका क्रिया भएको हुनाले यिनीहरू सरल वाक्य हुन ।

**ख) मिश्र वाक्य :**

एउटा मुख्य उपवाक्य र एउटा आश्रित वा अधीन उपवाक्यलाई सापेक्ष संयोजकले जोडेर निमार्ण गरिने वाक्य मिश्र वाक्य हो । यस कृतिमा प्रयोग गरिएको मिश्र वाक्यको उदाहरण यसप्रकार छन ।

हामी ***जहाँ*** र जुन ठाउँमा छौ ***त्यहीबाट*** स्वर्गको निर्माणका लागि सुरूवात गर्न सकिन्छ ।

(पृ : ४९)

जे कुराको पनि अर्थ ***त्यतिवेला*** राम्रो हुनेछ ***जतिवेला*** त्यसको सही प्रयोग गर्न सकिन्छ ।

( पृ : १३७ )

***जो*** हाम्रो पुर्खा हो ***ऊ*** नै हाम्रो जग हो । (पृ : १६१ )

माथि प्रयोग भएका जहाँ, त्यही, त्यतिवेला, जतिवेला, जो आदि शब्दले मुख्य र स्वाधिन उपवाक्यलाई जोडेका छन र भनाइलाई प्रभावकारी बनाएका हुनाले यी शब्दहरूले (सापेक्ष संयोजकले) जोडेर निर्मित वाक्य मिश्र वाक्य हो ।

**ख) संयुक्त वाक्य** :

दुई वा सोभन्दा बढी प्रधान वा सरल वाक्यको संयोजनबाट निर्मित वाक्य संयुक्त वाक्य हो । यसलाई नीरपेक्ष संयोजक : र, तर, पनि, अनि जस्ता संयोजकले जोडेर सिङगो वाक्य बनाइन्छ । यस कृतिमा प्रयोग भएका संयुक्त वाक्यका उदाहरण :

हामी जन्म,मृत्यु ***अनि*** सँधैका लागि बाँचिरहने जीवन चाहान्छौ ***भने*** सिर्जनशील हुनुपर्छ ।

(पृ : २७)

छोरी निन्द्राबाट ब्यूँझिएपछि आमालाई देखिनन् ***अनि*** उनलाई आमासँग रिस उठ्यो ।

(पृ : ६६)

यदि तिमीलाई बेचैनीको अनुभव भयो ***भने*** त्यसको कारण व्यक्तिगत होइन । (पृ : ४६)

विज्ञानलाई अगाडी राख्ने हो ***भने*** प्रयोग विधि मिलेन । (पृ : ६३)

अरूका लागि प्रेम दर्शाउन ***र*** हाँसोका लागि कामना गर्न हरपल हाम्रा लागि अवसर छ ।

(पृ : ९३)

बाँचेर संसारका लागि नभए ***पनि*** आफ्नै लागि मात्र पनि राम्रो काम गरेको ***भए*** त्यो ठूलो काम हुन सक्थ्यो । (पृ : ९५)

उसो भए अव के गर्ने ***वा*** दिने त नयाँ पुस्तालाई । (पृ : ११०)

यदि तिमीलाई बेचैनीको अनुभब हुन्छ ***भने*** त्यसको कारण व्यक्तिगत होइन । (पृ : १४६)

पस्तुत उदाहरणका वाक्यमा रहेका भने, अनि, र, पनि, भए, वा आदि शब्दले प्रधान र सरल वाक्यलाई जोडेर सिङ्गो वाक्य बनाएका छन । अत : यी शब्दहरू संयोजक हुन ।

**२) विचलन** :

मानकको अतिक्रमणलाई वा उल्लङघनलाई विचलन भनिन्छ । शर्मा, (२०४८:८ ) । कृतिकारले साहित्यमा नवीनता ल्याउन विचलनको प्रयोग गरेको हु न्छ जसले गर्दा साहित्य आलङकारिक बन्दछ । साहित्यक सिर्जनाहरूमा विचलनयुक्त भाषिक प्रयोगले लक्ष्यार्थ तथा व्यङग्यार्थ प्रस्तुत गर्नुका साथै भावको उत्पन्न गराएको हुन्छ । साहित्यिक सन्दर्भमा कोशीय विचलन, व्याकरणिक विचलन, भाषिका विचलन र प्रयुक्ति विचलन रेहेका हुन्छन यस आधारमा **रे** निबन्ध सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन निम्न गरिएको छ ।

**क) कोशीय विचलन**

शब्दकोशमा प्रयोग नभएका शब्द स्रष्टा आफैँले निर्माण गर्ने वा परम्परामा रहेका शब्दलाई नयाँपनका साथ उपस्थित गराउन प्रयोग गरिने भाषिक अभिव्यक्तिलाई कोशीय विचलन भनिन्छ । सिमीत शब्दले अर्थ वहन गर्न नसक्ने अवस्थामा साहित्यकारले नयाँ शब्दको प्रयोग गर्छन । यस कृतिमा कोशीय विचलन रहेको पाइदैन ।

**ख) व्याकरणिक विचलन :**

व्याकरणिक कोटि लिङग, वचन, पुरुष, काल, भाव, पक्ष आदिलाई नवीन वनाउने प्रयोजनले मानक रूपभन्दा भिन्न रूपले प्रस्तुत गर्नुलाई व्याकरणिक विचलन भनिन्छ । यो विविध व्याकरणिक कोटीका रूपमा देखापर्ने विचलन भाषिक नियमको विपरित रूपमा देखा पर्छ । यसमा कर्ता कर्म क्रियाका साथ उद्धेश्य र विधेयबीचको रखाइको अनुक्रममा देखा पर्ने उल्लङघनलाई कोशीय विचलनभित्र अध्ययन गरिन्छ । ‘ रे ’ कृतिमा प्रयुक्त व्याकरणिक विचलनका केही उदाहरणलाई निम्नानुसार देखाउन सकिन्छ ।

लैङगीक हिंसा रविभेदको अर्को नयाँ सुन्दर रूपमा जानबाट वन्चित ***गरिरहेको*** छ ***निरन्तर*** ।
(पृ : ३६)

ऊ मुक्त ***हुन्छ*** जन्म मृत्युको ***चक्रबाट*** । (पृ : ४६)

एउटा किताबको प्रभावले केहीगर्न प्रेरणा जगाई आज क्रान्तिका लागि हिरो ***भएका छन हजारे*** । (पृ : ५४)

उसले त्यसैको उपयोग, दुरूपयोग गर्छ जुन शक्तिशाली कल्पना भएका व्यक्तिहरूबाट प्राप्त ***वस्तुको*** । (पृ : ६०)

कुनै पनि कुरालाई समीक्षात्मक तथा सिर्जनात्मक तरिकाले हेरियो भने नजिक पुग्छौ ***हामी*** ।
(पृ : ८४)

माथिका वाक्यहरू व्याकरणिक कोटिका आधारमा नमिलेका हुनाले यहाँ व्याकरणिक विचलन भएको छ ।

**घ) प्रयुक्ति विचलन**

मानक भाषाको रूपमा स्वीकार गरिएको भाषाको सट्टा अर्को मानक भाषाको प्रयोग हुनुलाई प्रयुक्ति विचलन भनिन्छ । साहित्यिक कृतिमा भाषाको मानक रूपको प्रयोग नगरेर

कुनै भाषिकाको शब्दलाई प्रयोग गरेर नवीनता दिने प्रयास गरियो भने प्रयुक्ति विचलन हुन्छ । यस कृतिमा रहेका यस्ता विचलनका उदाहरणहरू :

विद्युत तरङगमा ***पोजेटिभ र नेगेटिभ*** चुम्बकमा उत्तरी र दक्षिणी ध्रुब भएजस्तै हरेक कुरामा राम्रा र नराम्रा पक्ष हुन सक्छन । (पृ : १९)

म ***डाक्टर र प्रोफेसर,*** म नेता, म व्यापारी भन्ने अहम्‌ले हामीलाई क्रोधित बनाउँछ ।

( पृ : २०)

नदी नियन्त्रणका नाममा ***बजेट*** कमाउन सकिन्छ । (पृ : ८३ )

ती त ***अवार्डको*** चाकरी गर्न फूल गुच्छा लिएर पुगेका हुन । (पृ : ९२)

म भन्छु ***सुगर*** लागेको मानिसलाई खिरको के काम ? (पृ : १०९)

भनाइलाई अझ स्तरीय बनाउनका लागी साहित्यकारले नेपाली भाषामा नभएका शब्दलाई प्रयोग गरी अभिव्यक्तिलाई स्तरीयता दिने गरेका हन्छन । माथि प्रयोग भएका पोजेटिभ, नेगेटिभ, डाक्टर, प्रोफेसर, बजेट, अवार्ड, सुगर आदि शब्द अङ्ग्रजी शब्द हुन । यस्ता शब्दको प्रयोगका कारण उक्त वाक्यहरूमा प्रयुक्ति विचलन रहेको छ ।

### ३) समानान्तरताका आधारमा 'रे'निबन्ध सङ्ग्रहको विश्लेषण

#### क) बाह्‍य समानान्तरता :

साहित्यिक कृतिको आवरण पक्ष वर्ण, अक्षर, छन्द, लय, आदिसँग सम्बन्धित पुनरावृत्तिलाई बाह्‌य समानान्तरता भनिन्छ । यो स्थूल प्रकृतिको हुन्छ । एक वा एक भन्दा बढी शब्द पद, वाक्य आदिको पुनरावृत्ति नै बाह्‍य समानान्तरता हो । भाषाका रूप, वर्ण, शब्द पदावली,वाक्य आदि बाह्‍य स्वरूप वा संरचनाको पुनरावृत्ति भएर प्रकट हुन्छ । यो अभिव्यक्तिमा वैचित्र्य वा अलङकारका रूपमा देखा पर्छ । यस कृतिमा प्रयोग भएका बाह्‍य समानान्तरताका उदाहरण :

घनघोर दुःख सागर ***तर्नु छ*** जान भाई

नगर घमण्ड कहिल्यै ***मर्नु छ*** हामीलाई । (पृ : २६)

विभेदकारी सबै दर्शन र सिद्धान्त ***जल्नुपर्छ***

निषेध होइन सर्वहितको दियो ***बाल्नुपर्छ*** । (पृ : ३९)

हामी ढुङ्गा् देख्छौ, उनीहरू मुर्ती देख्छन, हामी पानी देख्छौ उनीहरू विजुली देख्छन, हामी पृथ्वी देख्छौ उनीहरू गुरुत्वाकर्षण देख्छन, हामी फोहोर देख्छौ, उनीहरू जैविक मल देख्छन , हामी बिउ देख्छौ उनीहरू रुख देख्छन ।  (पृ : २१ )

जाति, धर्म लिङ्गबीच विभेदको पर्खाल **ढल्नुप र्छ**

विभेदकारी सबै दर्शन र सिद्वान्त ***जल्नुपर्छ***

निषेध होइन सर्वहितको दियो ***बाल्नुपर्छ***

एउटा होइन सबै महान बनुन् भन्ने विचार ***लिनुपर्छ***।  (पृ :३९)

**ख) आन्तरिक समानान्तरता**

भावार्थ वा वाक्यार्थका बीचमा आन्तरिक रूपले रहने अर्थगत सादृश्यता, नियमितता वा समानतालाई आन्तरिक समानान्तरता भनिन्छ । यो सूक्ष्म खालको हुन्छ । छन्द अलङकार आदिको अर्थतात्विक सन्दर्भलाई यसअन्तर्गत लिन सकिन्छ । यस कृतिमा पाईने आन्तरिक समानान्तरताका उदाहरण :

जीवनमा लक्ष्य निर्धारण गर्नु रूखविरूवा रोप्नु जत्तिकै हो । (पृ : ४१)

जीवनमा सुन्दर फूलहरू फुलाउन

सबको एउटै माला बनाउ

जीवनका लागि धर्तीमा

स्वर्गको निर्माण गर्न । ( पृ : ५० )

कलम समाऊ

जीवनको कविता लेख्न

औजार छ

सीप लगाऊ

जीवनमा ज्योती छर्न ।  ( पृ : ५० )

# अध्याय पाँच

## निष्कर्ष र उपसंहार

### ५.१. निष्कर्ष :

सर्जकले आफ्नो सिर्जनालाई विशिष्ट बनाउन कृतिमा भाषिक एकाइको राम्रोसंग संयोजन गर्नुपर्ने हुन्छ । भाषिक प्रश्तुतिले गर्दा कृति आकर्षक, गहकिलो र चम्किलो बन्छ । शब्द, पदावली, वाक्य जस्ता भाषिक एकाइको चयनले कृति निख्खर बन्छ ।

आधुनिक युगमा विकसित शैलीविज्ञान भाषाविज्ञानले काव्यभाषाको अध्ययन गर्न थालेपछिमात्र विकसित भएको नयाँ विज्ञान वा शास्त्र हो जसको पूर्व र पश्चिम दुबैतिर पुरानै परम्परा पाइन्छ । पूर्वमा भामह, दण्डी कुन्तक आदिका साहित्यशास्त्रीय चिन्तनमा भाषा पक्षको चिन्तन पाइन्छ भने पश्चिममा ग्रिसेली विद्वान प्लेटो, अरस्तु, आदि, रोमन विद्वान सिसरो समेतले यसको विवेचना गरेको पाईन्छ । शैलीविज्ञानका सन्दर्भमा पूर्वीय र पश्चिमी चिन्तनको कुरा गर्दा पूर्वीय चिन्तन निकै वैज्ञानिक रहेको छ (शर्मा,२०४८:४) । शैलीविज्ञानको प्रारम्भ पूर्वमा भरत र पश्चिममा प्लेटोले गरेपनि यसले नयाँ दृष्टि भने आधुनिक कालमा मात्र पाएको हो (शर्मा, २०४८:४) । यसले सामान्य भाषाको नभएर विशिष्ट भाषाको अध्ययन गर्ने भएकाले भाषाविज्ञानको छुट्टै शाखा मानिन्छ ।

भाषा आर्जन र प्रयोगमा आधारित मानवीय व्यवहार हो । तसर्थ यो कथ्य र लेख्य परम्परामा आधारित हुन्छ । भाषाको प्रयोगबाट नै साहित्यको सिर्जना गरिएको हुन्छ । तसर्थ कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्दा त्यसमा निहित भाषिक संरचना र साहित्यिक संरचनाको संयोजन हुन आवस्यक छ । शैलीवैज्ञानिक विश्लेषणबाट भाषिक उपकरणहरूको प्रयोगले साहित्यिक कृतिलाई विशिष्टता, असमान्यता, विलक्षणता दिलाउन चयन,विचलन र समानान्तरताको अहम भूमिका रहेको हुन्छ । शैलीवैज्ञानिक अध्ययनबाट **रे** निबन्ध सङ्ग्रहमा रहेको  भाषिक चयन, विचलन र समानान्तरताको आधारमा विश्लेषण गरिएको छ

युवा साहित्यकार रामप्रसाद खरेलको **रे** निबन्ध सङ्ग्रह भित्रका निबन्धहरूमा निजात्मकताको गहिरो छाप छ । प्रायजसो निबन्धमा खरेलले युवाहरूलाई समेट्दै आफ्नो भावना पोखेका छन । निजात्मकताका कारण उनका निबन्धहरू मौलिक छन भने धर्म र दर्शनले पनि स्थान पाएका छन । यस निबन्धमा भाषाशैली, उद्धेश्य र विषयका बिचमा तालमेल रहेको छ ।

खरेलका निबन्धहरू विचार प्रधान, वैज्ञानिक, भावनात्मक र मन छुने खालका छन । समाजमा रहेका विकृति विसंगतिप्रति व्यंग्य गर्दै सामाजिक सुधारका लागि युवाहरूलाई एकजुट हुन आग्रह पनि गरेका छन ।

निबन्धकार खरेलले आफ्ना लेखमा सकारात्मक सोच तथा सिर्जनशीलताबाट नै सुन्दरताको खोजी गर्न सकिने बताएका छन । टेगर, गोर्की र देवकोटा जस्ताा महान व्यक्तिको उदाहरण दिएर सिर्जनाबाट मानिसको जीवन जीवन्त हुने यथार्थता लेखकले उल्लेख गरेका छन । खरेलले जिन्दगीलाई सवारी साधनका रूपमा प्रस्तुतगरी जिन्दगीका सवारी चलाउँदा सावधानी अपनाउनु पर्ने बताएका छन । सफल रूपमा जीउनका लागि सचेत रहन पाठक वर्गलाई आह्वान गरेका छन ।

यस कृतिमा उनले आत्मा जागरणका लागि अन्तर्यात्रा, सवैसमान हुन, सबै महान बनुन, स्वर्ग जाने होइन बनाउने हो, ईश्वर भेटिन्छ, महान यात्राको थालनी जस्ता निबन्धमा आध्यात्मिक विषयलाई उठाएका छन । समाजका भाषिक, धार्मिक, सांस्कृतिक, आर्थिक, लैङगीक विभेदको विरोध, विरोध कै कारण वर्गीय, जातीय, धार्मिक लडाँईहरू हुने गरेको यथार्थको प्रस्तुति यी निबन्धमा पईन्छ । मानिसको प्रतिशोधक भावनाको विरोध गर्दै सिर्जनशील मानिसले सिर्जानाको काम गर्छ र विना सिर्जनाको मानिस त्यसको विरोध गर्छ भन्ने तर्क प्रस्तुत गर्दै त्यस्ता प्रवृत्तिको विरोध गरेका छन । तसर्थ मान्छेले सवै वस्तुप्रति सकरात्मक दृष्टिकोण राख्नुपर्छ भन्ने मान्यता अघि सारेका छ । मानिसलाई सदैब सिर्जनात्मक कार्य गर्न प्रेरित गर्ने खरेलले सिर्जनाकै कारणबाट व्यास, सेक्सपियर, ओसो, देवकोटा आदी व्यक्तिहरू जीवन्त रहेकाले सम्पूर्ण यूवा वर्गलाई सिर्जनामा लागेर अमरबन्न आग्रह पनि गरेका छन । सांसारिक बन्धनले मानिसलाई सुख दिदैन, मानिस असन्तुष्ट प्राणी भएकाले उसले कहिल्यै पनि सुख दैख्दैन त्यसैले उसलाई दुःख बढेको हो भन्ने विषयलाई गम्भीरताका साथ उठाएका छन । स्वच्छ मनले गरेका कामले मात्र कार्य सफल हुने र सन्तुष्टि पाइने हुँदा मानवीय संवेगलाई नियन्त्रण गरी भय, त्रास बाट मुक्त हुनुपर्ने मान्यतालाई प्रस्तुत गरेको पाइन्छ ।

यस निबन्धमा जीवनको मूल्य, मान्यता र महत्व बुझाउनका लागि युवालाई प्रेरित गरिएको छ । निबन्धमा आध्यात्मिक चिन्तनको विषयलाई उठान गरिएको भएतापनि विषय प्रश्तुतिमा कलात्मक ढङगले विज्ञानको चर्चा गरेका छन । खरेलको गोपी कृष्ण कहो निबन्ध प्रतीकात्मक रहेको छ । मानिसले पिँजडाको सुँगाले बारबार भनिरहेको जस्तो एउटै प्रसंग

दाहोन्हिरहनु हुँदैन । जीवनलाई सफल पार्नका निम्ति नयाँ सोच र विचार लिनुपर्छ । हामीले असल व्यवहार मूल्य मान्यता हस्तान्तरण गर्दै जानुपर्छ । हामीले जे गऱ्यौ पछिल्ला पुस्ताले पनि त्यही सिक्दै जानेहुनाले असल संस्कारलाई जोड दिनुपर्छ । मानिसले निर्माण गर्ने पहिलो कुरा संस्कार हो असल संस्कारमा हुर्केको व्यक्ति प्रेमले भरिपूर्ण हुन्छ । आज हाम्रा लागि ,भोलिको हाम्रो नयाँ पुस्ताको लागि असल संस्कार निर्माण गर्नु पर्ने मान्यतालाई अगाडी सारेका छन ।

'रे' निबन्ध सङ्ग्रहमा रहेका निबन्धहरूमा भाषिक चयनका आधारमा तत्सम, तदभव र आगन्तुक शब्दको प्रयोग गरिएको पाइन्छ । नाम, सर्वनाम, विशेषण, क्रिया पद जस्ता पद वर्गको चयनमा पनि मानक रूपको प्रयोग भएको पाइन्छ । सरल, संयुक्त र मिश्र वाक्यको समुचित प्रयोग गरिएको यस कृतिमा समानान्तरता र विचलन पनि उपयुक्त रहेको छ । लिखित अभियक्तिलाई शुद्ध र स्पष्ट बनाउनका लागि लेख्य चिन्हको उपयुक्त प्रयोग रहेको छ । प्रश्न चिन्ह, पूर्ण विराम चिन्ह, योजक, विश्मयादिबोधक जस्ता लेख्य चिन्हको उपयुक्त प्रयोग भएको छ । यस प्रयुक्त भाषिक पक्षको शैलीवैज्ञानिक अध्ययनमा निम्न निष्कर्ष निकालिएको छ ।

१. शब्द चयन :

यस ***रे*** निबन्ध सङ्ग्रहमा निम्नलिखित शब्दको प्रयोग रहेको छ ।

क) शब्द स्रोतका आधारमा शब्द चयनको अवस्था

अ) तत्सम् शब्दको प्रयोग

आ) तदभव शब्दको प्रयोग

ई) आगन्तुक शब्दको प्रयोग

ख) पदवर्गका आधारमा शब्द चयनको अवस्था

अ) नाम शब्दको प्रयोग

आ) सर्वनाम शब्दको प्रयोग

इ) विशेषण शब्दको प्रयोग

ई) क्रियाविशेषण शब्दको प्रयोग

उ) नामयोगी शब्दको प्रयोग

ऊ) संयोजकको प्रयोग

ए) निपातको प्रयोग

विविध शब्दहरू र वाक्यहरूको यथोचित प्रयोगका कारण यो कृति सफल र प्रभावकारी बनेको छ ।

ग) यस निबन्ध सङ्ग्रहमा निम्न वाक्यहरुको चयन गरी विचारलाई स्पष्ट रूपमा प्रस्तुत गरिएको छ ।

अ) सरल वाक्यको अधिक प्रयोग रहेको छ ।

आ) संयुक्त वाक्यको पनि उचित प्रयोग रहेको

इ) मिश्र वाक्यको पनि प्रयोग रहेको ।

विविध किसिमका वाक्यहरूको प्रयोगले यो कृति सफल रहेको छ ।

२. विचलन : यस कृतिमा रहेका भाषिक विचलनहरू यस प्रकार रहेका छन :

यस कृतिमा १. प्रयुक्ति विचलन, २. व्याकरणिक विचलन प्रमुख रूपमा रहेका छन भने आन्तरिक बाह्य समानान्तरताको प्रयोगले कृति सफल रहेको छ ।

यस क्रममा 'रे' निबन्ध सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन विश्लेषणका क्रममा शोधकार्यको परिचय, पूर्वकार्यको समीक्षा, उपयोगिता, शैलीविज्ञानको सैद्धान्तिक रूपरेखा समेत प्रश्तुत गरिएको छ । यस शोधकार्यलाई पूर्णता दिने क्रममा पुस्तकालयीय अध्ययन विधिको प्रयोग गरिएको छ । यस अध्ययनमा प्राथमिक स्रोतका रूपमा निबन्धकार खरेलको 'रे'निबन्ध सङ्ग्रहलाई लिइएको छ भने द्वितीयक स्रोतको रूपमा शैलीविज्ञान, प्रायोगिक भाषा विज्ञान, विभिन्न शोधपत्र, पत्रपत्रिका आदिलाई लिइएको छ र यस शोधकार्यलाई पूर्णता दिइएको छ ।

## ५.२ उपयोगिता :

शैलीविज्ञानले भाषिक विशिष्टताको खोजी गर्छ । शैली विश्लेषणको अध्ययनले शिक्षक ,विद्यार्थीलाई साहित्य लेखन र अन्य लेखनमा पाइने समानता र भिन्नताबारे जानकारी लिन सहयोग पुग्नेछ भने साहित्य सिर्जनात्मक क्षमताको विकास गर्न समेत उपयोगी हुनेछ ।

प्रश्तुत अनुसन्धानमा 'रे' निबन्ध सङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन गरिएको छ । यस अध्ययनको उपयोगिता निम्न रहेको छ ।

क) पाठ्यक्रम निर्माणमा सहयोग पुग्नेछ । शैलीगत विशिष्टतालाई पाठ्यपुस्तकभित्र समावेश गर्न यस अध्ययनले सहयोग पुऱ्याउनेछ ।

ख) पाठ्यपुस्तक लेखनमा सहयोग पुग्नेछ ।

ग) भाषाका निती निर्माणमा सहयोग पुग्नेछ ।

घ) शब्दकोश निर्माणमा सहयोग पुग्नेछ ।

ङ) व्याकरण लेखनमा सहयोग पुग्नेछ

च) कृतिमा निहित भाषिक पक्षको अध्ययन गर्न सहयोगी मानिन्छ ।

छ) साहित्यिक कृतिलाई प्रभावकारी र बोधगम्य बनाउन चयन,विचलन,समानान्तरता जस्ता भाषिक पक्षको भूमिकाका बारेका अध्ययन गर्न सहयोगी हुनेछ ।

**५.३ कार्यान्वयन**

यस अनुसन्धानलाई निम्न तहमा कार्यान्वयन गर्न सकिन्छ ।

क) कक्षा शिक्षणमा यस अनुसन्धानका निष्कर्षहरू प्रभावकारी रूपमा प्रयोग गर्न सकिन्छ ।

ख) भाषा शिक्षणमा पनि यस अनुसन्धानका निष्कर्षहरूलाई प्रयोग गर्न सकिन्छ ।

ग) पाठ्यपुस्तकको प्रयोक्ताहरूलाई पनि यो अनुसन्धान प्रयोगयोग्य छ ।

घ) अन्य कृतिको शैलीवैज्ञानिक अध्ययनका लागि पनि यो अनुसन्धानले सहयोग मिल्छ ।

ङ) सिर्जनात्मक रचनामा रोचकता ल्याउनका लागी भाषिक चयन, विचलन, समानान्तरताको प्रयोगमा सुधार ल्याउन पनि यो अनुसन्धान उपयोगी हुन सक्छ ।

च) शिक्षक विद्यार्थीको पठन, लेखन, भाषिक क्षमताको विकासका लागी पनि यो अनुसन्धान उपयोगी

## सन्दर्भसामग्री


अधिकारी, मोहनराज (२०४८), **शैलीविज्ञान** काठमाडौ : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

अधिकारी, हेमाङगराज (२०६२), सामाजिक र प्रायोगिक भाषा विज्ञान, काठमाडौ रत्न पुस्तक भण्डार ।

घिमिरे, निकेश (२०७४), ***शून्य डिग्री उपन्यासको शैलीवैज्ञानिक अध्ययन*** , स्नातकोत्तर शोधपत्र,नेपाली भाषा शिक्षा विभाग,जनता बहुमुखी क्याम्पस,इटहरी ।

दाहाल, दुर्गाप्रसाद (२०६१) **नरेन्द्रदाइ उपन्यासको शैलीवैज्ञानिक** अध्ययन (किर्तीपुरः, स्नातकोत्तर शोधपत्र शिक्षा विभाग ।

पुडासैनी, विरेन्द्र **(२०६२), राजराजेश्वरी खण्डकाव्यको शैलीवैज्ञानिक** अध्ययन, स्नातकोत्तर तह, नेपाली शिक्षा विभाग, त्रि.वि.

भण्डारी, पारसमणी र रामनाथ ओभा (२०७१ ), **भाषिक अनुसन्धान विधि**, काठमाडौ : पिनाकल पब्लिकेशन प्रा.लि ।

भूर्तेल, राधिका (२०७२) **सेतो धरती उपन्यासको शैलीवैज्ञानिक अध्ययन**, ( शोधपत्र ), नेपाली शिक्षा विभाग ,जनता बहुमुखी क्याम्पस, इटहरी ।

राई,प्रतिमा (२०७४), **महको म आत्मापरक निबन्ध संग्रहको शैलीवैज्ञानिक अध्ययन** स्नातकोत्तर शोधपत्र ) नेपाली शिक्षा विभाग, जनता बहुमुखी क्याम्पस, इटहरी ।

त्रिपाठी, बासुदेव (२०६५),**पाश्चात्य साहित्यशाश्त्र र समालोचना सैद्धान्तिक** परम्परा भा २, ललितपुर साभा प्रकासन ।